महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७७
पुथा उत्तरगंगा गाउँपालिका, रुकुम पूर्व

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

(प्रादेशिक लेखापरीक्षण प्रदेश नं.५,कर्णाली र सुदूर पश्चिम लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:२०७६/७७

च.नं २१२

मिति: २०७७/३/३०

श्री अध्यक्षज्यू,
पुथा उत्तरगंगा गाउँ कार्यपालिकाको कार्यालय,
रुकुम पूर्व ।

विषय: लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

२०७७।३।३०
(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

OC

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

Scanned with CamScanner

महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, बित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ ३० गते ।

Scanned with CamScanner

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(प्रादेशिक लेखापरीक्षण प्रदेश नं.५, कर्णाली प्रदेश र सुदूर पश्चिम लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:

मिति: २०७७३३०

च.नं

श्री अध्यक्षज्यू,
पुथा उत्तरगंगा गाउँपालिका,
रुकुम पूर्व ।

विषय: लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले पुथा उत्तरगंगा गाउँ कार्यपालिकाको कार्यालयको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।
हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य विवरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तिय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.३ करोड ४९ लाख ३७ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३८ लाख ६७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२ करोड ३१ लाख ६१ हजार, नियमित गर्नुपर्ने रु. ३० लाख ४ हजार र पेश्की बाँकी रु.४९ लाख ५ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।५।३१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका रकमहरु हटाई कायम कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना २५ यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: oag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७७।८।२०

(चन्द्र कान्त भण्डारी)
नायब महालेखापरीक्षक

Scanned with CamScanner

पुथा उत्तरगंगा गाँउपालिका, रुकुम (पूर्व)
आर्थिक बर्ष २०७५।७६
लेखापरीक्षण अन्तिम प्रतिवेदन

परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न पुथा उत्तरगंगा गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालनगर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरीकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु यसको उद्देश्य हो । ५ नं. प्रदेशमा अवस्थित यस पुथा उत्तरगंगा गाउपालिका अर्न्तगत १४ वडा, ७४ गाउँसभा सदस्य, ५६०.७५ व.कि.मी.क्षेत्रफल र १७,९३२ जनसंख्या रहेको छ।

स्थानीय संचित कोष : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले आर्थिक वर्ष २०७५।७६ मा प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्यय हिसाव सहितको समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नानुसार रहेको छ :

एकिकृत आय व्यय विवरण

क.सं.	आय		क.सं.	व्यय	
	विवरण	रकम		विवरण	रकम
१	**गत वर्षको जिम्मेवारी(आय)** **धरौटी** **जम्मा**	१५५८५०५२.०० ४१२४५००.०० **१९७०९५५२.००**	१	**चालु खर्च (समानिकरण र आन्तरिक)**	४६३४९९४०.००
२	**आन्तरिक आय**	०	२	**पूँजीगत खर्च (समानिकरण र आन्तरिक)**	१४१०९०३७८.००
	(क) आन्तरिक राजस्व	१००५३७४४.००	३	वित्तीय हस्तान्तरण	०
	(ख) राजस्व बाँडफाँड (संघ)	५७२५३३७८.९०		क)सशर्त अनुदान (संघ)	९९७४०४०९.००
	(ग) राजस्व बाँडफाँड -प्रदेश	५५७०१५६.८०		ख) सशर्त अनुदान (प्रदेश)	३४३८०१९.००
३	**वित्तीय हस्तान्तरण**	०			०
	क)वित्तीय समानीकरण अनुदान (संघ)	१०७७०००००.००	४.	**हस्तान्तरित कार्यकम**	०
	ख) सशर्त अनुदान (संघ)	११७६२००००.००		केन्द्रीय सरकारका कार्यकम	६४१७४०८६.००
	(ग)) सशर्त अनुदान (प्रदेश)	९६०००००.००		प्रद्रश सरकारका कार्यकम	१६३४८१४२.००
	(घ) समानीकरण अनुदान (प्रदेश)	४१०२०००.००	५	**धरौटी फिर्ता खर्च**	२७६३७८५.००
४.	**हस्तान्तरित कार्यकम**	०	६.	**बेरुजु खातामा दाखिला(अनुदान फिर्ता)**	१९९०७०९५.००
	केन्द्रीय सरकारका कार्यकम	६६२०१५९०.००	७.	**को.ले.नि.का. फिर्ता**	०
	प्रद्रश सरकारका कार्यकम	१६६७२०००.००	८.	**मौज्दात (संचित कोष)**	१९३०९८५२.७०
६	**धरौटी**	६१४६७००.००	४.	**धरौटी मौज्दात**	७५०७४१५.००
	जम्मा	**४२०६२९१२१.७०**			४२०६२९१२१.७०

दफा नं.	भौ.नं., मिति र व्यहोरा	रकम	फछ्र्यौटको विवरण

संचित कोष(स्थानीय सरकार) :

१. **संचित कोष(स्थानीय सरकार) :** गाँउपालिकाको संचित कोषमा गत बर्षको रु.१,५५,८५,०५२.०० बचत रहेकोमा यस बर्षको सबै श्रोतबाट भएको आय रु.४०,५०,४४,०६९.७० समेत जम्मा रु४२,०६,२९,१२१.७० आम्दानी भएकोमा रु.३९,३८,११,८५४.खर्च (फिर्ता खर्च समेत) भई रु.२,६८,१७,२६७.७० बचत रहेको छ । मौज्दात मध्ये संचित कोष खातामा रु. १,९३,०९,८५२.७० र धरौटी तर्फ रु.७५,०७,४१५.०० बाँकी रहेको छ ।

२. कार्यालयबाट प्राप्त आय व्यय विवरण अनुसार संचित कोषको खुद मौज्दात रु.१,९३,०९,८५२.७० हुनु पर्नेमा बैक स्टेटमेन्ट अनुसार बैंक खातामा देहाय बमोजिम रु.१,९९,१९,७०२.७० मौज्दात देखिएकोले रु.६,०९,८६८.०० बैंक बढी देखिएको छ । बैंक बढी रकम मध्ये कर तथा धरौटी दाखिला गर्न बाँकी रकम रहेकोले उक्त रकम सम्बन्धित खातामा दाखिला गरी हिसाब मिलान गर्नु पर्ने रु.......

रकम: ६,०९,८६८

बैंकको नाम	खाता नम्बर	रकम	कैफियत
नेपाल बैंक लिमिटेड	१८९०३०००००००००४००१००१	१,५४,२२१३१.७०	संचित कोष तर्फ
सिद्धार्थ बैंक लिमिटेड	०१४१५२२०४४४	४४९७५८९.००	
नेपाल बैंक लिमिटेड	१८९०३०००००००००३०००००२	७५,०७,४१५.००	धरौटी तर्फ

दाखिला गर्न बाँकी रकम

प्रयोजन	रकम	कैफियत
कर दाखिला बाकी	९२४३.००	
धरौटी दाखिला बाकी	४५२१२५.००	
सटही नभएको चेक	१४८५००.००	
जम्मा	**६०९८६८.००**	

२.१. **बैकं हिसब मिलान विवरण तयार नगरेको :** कार्यालयको आर्थिक कारोवार संचालन गर्न बैकमा खोलिएका खाताको मासिक बैंक स्टेटमेन्ट प्राप्त गरी बैंकमा जम्मा भएको तर आम्दानी नबाँधिएको र चेक खिचिएको तर भुक्तानी नभएको रकम यकिन गर्न बैक हिसाब मिलान विवरण तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले बैंक हिसाब मिलान विवरण तयार नगरेकोले बैकंमा जम्मा भएको सबै रकम खातामा आम्दानी बाँधीएको र खिचिएका सबै चेक सटही भई हिसाब मिलान भएको छ भन्न सक्ने अवस्था भएन । लेखाप्रणाली अनुसार बैंक हिसाब मिलान विवरण तयार गर्नु पर्दछ ।

३. **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख भएकोमा आन्तरिक लेखापरीक्षण गराएको पाईएन । अन्तिम लेखापरीक्षणलाई सहज बनाउन तथा आन्तरिक नियन्त्रणको लागि आन्तरिक लेखापरीक्षण गराउनु पर्दछ ।

आन्तरिक चालु तथा पुँजिगत खर्च

चालु तथा पूँजिगत खर्च : कार्यालयले आफ्नो आन्तरिक श्रोत केन्द्रीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान, प्रदेश सरकार तथा केन्द्रीय सरकार बाट प्राप्त राजस्व बाँडफाँड बाट प्राप्त रकम लाई चालु तथा पूँजिगत खर्च शिर्षकमा वर्गिकरण गरी परिषदको निर्णय अनुसार देहाय बमोजिम खर्च गरेको छ । (रकम रु.हजारमा)

श्रोत	आम्दानी	चालु खर्च	पूँजिगत खर्च	जम्मा खर्च
केन्द्रीय सरकार समानिकरण अनुदान	१०७७००	४६३५०	१४१०९०	१८७४४०
प्रदेश सरकार समानिकरण अनुदान	४१०२			
केन्द्र सरकार राजस्व बाँडफँड	६२८२३			
प्रदेश सरकार राजस्व बाँडफँड				
आन्तरिक आय(गत बर्षको बचत सहित)	३०१७१			
जम्मा	२०४७९६	४६३४९	१४१०९०	१८७४४०

उल्लेखित खर्च सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् :

४. **भारी उपकरण संचालन :** कार्यालयले गत बर्ष डोजर तथा व्याकु लोडर खरिद गरी भाडामा लगाउने र अमानतबाट आन्तरिक रुपमा प्रयोग गरेको छ । डोजर संचालन सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :

दफा नं.	भौ.नं., मिति र व्यहोरा	रकम	फछ्र्यौटको विवरण
४.१.	डोजर तथा व्याकुलोडर भाडामा लगाउदा प्रतिघण्टा रु.२०००.०० रु.३०००.०० का दरले भाडामा दिने संझौता गरेकोमा संझौतामा प्रयोग गर्ने अवधि तोकेको देखिएन । यस सम्बन्धमा डोजर प्रयोग गरेको घण्टाको आधारमा भाडादर गणना गरी बहाल लिने गरेको कार्यालयको भनाई रहेको छ । लामो अवधिको लागि संझौता गरी भाडामा लैजाने तर न्यून समय प्रयोग गरी भाडा बुझाउने गरेको देखिएकोले डोजर अनावश्यक रुपमा होल्ड भई अन्य ईच्छुक प्रयोगकर्ताले प्रयोग गर्न बाट बञ्चित हुने र यसबाट कार्यालयको राजस्वआयमा समेत प्रभाव पर्ने भएकोले दैनिक प्रयोग हुनु पर्ने अवधि समेत किटान गरी भाडामा दिने र सोही अनुसार भाडा रकम गणना गर्ने व्यवस्था हुनु पर्दछ ।		
४.२.	हेभि ईक्विपमेन्ट प्रयोग गरेर कार्यालयले सडक मर्मत गर्ने र बिभिन्न निकायहरुलाई भाडामा दिने गरेकोमा कार्यालयले प्रयोग गरेको र भाडामा दिएको अभिलेख नराखेकोले भाडा सम्झौता अनुसार आय प्राप्त भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन । डोजर लोडरको इन्धन खर्च, मर्मत तथा अपरेटरको पारिश्रमिक लगायतका खर्चको अभिलेख र कार्यालय प्रयोजनमा प्रयोग गर्दा भएको निर्माण तथा मर्मतको नापि तथा कार्य संपन्न प्रतिवेदन तयार नगरेकोले लोडर डोजरको उपयोगिता सम्बन्धमा मूल्यांकन गर्न सकिएन । ईक्विपमेन्ट सञ्चालन गर्ने अप्रेटरहरुले पेश गरेको विवरणको आधारमा भुक्तानी दिने तथा भाडा गणना गरेकोले आन्तरिक नियन्त्रणको अभाव देखियो । यस प्रकारको कार्यमा तत्काल सुधार हुनुपर्दछ ।		
४.३.	कार्यालयको हेभि ईक्विपमेन्टमा ईन्धन ३४०० ली.डिजल राखी बिभिन्न सडकहरु मर्मत गरेको जनाई संजात इन्टरप्राईजेज तुलसीपुर दाङको रु.३,४१,७००।०० को बिल संलग्न गरी तुलसीपुरबाट हरिसिद्धि कन्स्ट्रक्सन एण्ड सप्लायर्स खलंगाले वडा नं.१४ पुवाङ्ग खोलासम्म ढुवानी गरेको भाडा रु.४०,०००।०० समेत रु.३,८१,७००।०० सोही ढुवानीकर्ता हरिसिद्धि कन्स्ट्रक्सन एण्ड सप्लायर्स खलंगालाई भुक्तानी दिएको देखिन्छ । ईन्धन खरिद गरेको संजात इन्टरप्राईजेज तुलसीपुर दाङलाई रकम भुक्तानी नगरी ढुवानी गर्ने हरिसिद्धि कन्स्ट्रक्सन एण्ड सप्लायर्स खलंगालाई भुक्तानी दिनुको कारण स्पष्ट भएन । हरिसिद्धिले ईन्धन उपलब्ध गराएको हो भने दाङ्गबाट ढुवानी भाडा रु.४०,०००।०० भुक्तानी दिएको हुदां बिभिन्न सडकहरु मर्मत गरिएको सम्बन्धमा यकिन गर्न सकिएन । एवं बिभिन्न सडकहरु मर्मत गरेको जनाएकोमा मर्मत गरिएका सडकहरुको नाम,चेजेज लगायत खुल्ने लागत अनुमान,उपभोक्ता मूल्यांकन बिल,कार्यसम्पन्न प्रतिबेदन र लकबुक लेखापरीक्षणमा पेश नभएकोले नियमसम्मत नभएको रु............	३८१७००.०	
४.४.	जन निर्माण सेवा प्रा.ली लाई २०७६।२।१९ देखि २०७६।६।३० सम्म र यति बिल्डर्स लाई २०७५।८।१५ देखि २०७६।३।३० सम्मको लागि डोजर भाडामा दिएकोमा यति बिल्डर्सको अवधि सकिएकोमा भाडा प्राप्त भएको नदेखिएकोले भाडा रकम गणना गरी असूल हुनुपर्दछ ।		
५.	**धुवा रहित सुधारिएको चुल्होः–** गो.भौ.नं.१८१।०७६।३।११ गाउंपालिकाले वडा नं.८ जाङमा धुवा रहित सुधारिएको चुल्हो खरिद तथा जडान गर्ने कार्य गरेको जनाई उपभोक्ता समितिलाई रिन्यूवेबल ईनर्जी एण्ड टेक्नोलोजि तुलसीपुर दाङबाट ३०० सेट प्रति सेट रु.९,०१७।४० (मू.अ.कर समेत) का दरले रु.२७,०५,२२०।०० र पश्चिम रुकुमको सोलाबाङ देखि जाङसम्म ढुवानी रु.३,४७,४००।०० गरी जम्मा रु.३०,५२,६२०।०० मा उपभोक्ताको योगदान कट्टा गरी रु.३०,००,०००।०० भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् (क) कार्यालयले सो कामको लागि ढुवानीको लागत अनुमान रु.३,४४,८७१।०० तयार गरेको भएतापनि सम्पूर्ण कामको लागत अनुमान तयार गरेको छैन । खरिद गरिएको सो चुल्होको दर तथा लागत अनुमान लेखापरीक्षणमा पेश नभएकोले वास्तविक खर्च यकिन हुन सकेन । सो सामानको खरिद कार्य सार्वजनिक खरिद नियमावली अनुसार लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक किसिमबाट कार्यालयले खरिद गरी उपभोक्ताहरुलाई हस्तान्त्रण गरी जडान गरेको खण्डमा मितव्ययी हुन जाने तर्फ कार्यालय तथा उपभोक्ताहरुले ध्यान दिनु पर्दछ । (ख) धुवा रहित सुधारिएको चुल्हो कार्यक्रम सञ्चालन भएको वडा नं.११ तल्लोसेरामा जंगी आइरन उद्योग खलंगाबाट २० वटा चुल्होको जडान शुल्क समेत प्रति चुल्हो रु.६,५००।०० (मू.अ.कर समेत) मा खरिद गरिएकोले दाङबाट खरिद गरिएको भन्दा प्रति चुल्हो रु.२,५१७।०० का दरले ३०० सेटको रु.७,५५,१००।०० र लागत अनुमानमा ढुवानी वापत रु.३,४४,८९१।०० रहेकोमा उपभोक्तालाई रु.३,४७,४००।०० भुक्तानी गरेकोले रु.२,५०९।०० गरी जम्मा रु.७,५७,६०९।०० बढीव्ययभार परेको छ । स्थानीय उत्पादनलाई प्राथमिकता दिई मितव्ययिता कायम गर्नु पर्दछ ।		
६.	**जग्गा मूल्यांकन पेश नभएकोः–** गाउँपालिकाको वडा नं.३ रन्मामा नौधारा महिला समूहको लागि भवन र जग्गा खरिद वापत मनराज दमाईको कि.नं.११६८ को ०.१५१ वर्गमिटरमा बनेको घरको रु.२,००,०००।०० र जग्गाको रु.४,००,०००।०० गरी जम्मा रु.६,००,०००।०० मुल्यांकन भएकोमा कार्यालयले रु.४,५०,०००।०० भुक्तानी दिएकोले जग्गा मूल्यांकन तथा प्राप्ति विधि सम्बन्धमा स्पष्ट हुनु पर्ने...........	४५००००.	

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th></tr>
<tr><td>७.</td><td>अल्लो प्रशोधन तथा तान बुनाई तालिमः– गाउँपालिकाको वडा नं.२ को नमूना आमा समूह पेल्माद्धारा अल्लो प्रशोधन तथा तान बुनाईको लागि कार्यालयले रु.६,००,०००।०० (८३.३५ प्रतिशत) र समूहले रु.१,१९,९००।०० (१६.६५ प्रतिशत) समेत कुल लागत रु.७,१९,९००।०० मा १०० जनालाई मिति २०७६।३।१५ गतेभित्र तालिम कार्यक्रम गर्न २०७५।१२।२४ मा सम्झौता गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :
(क)सम्झौता बमोजिम तालिम सञ्चालन गरेको नपाईएमा कार्यालयले सम्झौता रद्ध गरी जिम्मेवार पदाधिकारीबाट असुल उपर गर्नुपर्ने भनी सम्झौताको दफा ८ मा उल्लेख भएको र १०० जनालाई तालिम प्रदान गर्ने गरी संझौता भएकोमा सो समूहले मिति २०७५।१२।२८ देखि २०७६।३।२७ सम्म १२ जना सहभागीहरुलाई तालिम दिई रु.६,००,३८५।०० को बिल भरपाई पेश गरेको आधारमा कार्यालयले गो.भौ.नं.२८७।०७६।३।२५ बाट रु.६,००,०००।०० भुक्तानी दिएको देखिन्छ । तालिम कार्यक्रमको लागि हिमाली काष्ठ उद्योग मुसिकोटबाट कपडा बुन्ने तान २ सेट र वालपिङ ड्रम सेट १ थान,आसा घरेलु हस्तकला पुथा १ मैकोटबाट मिति २०७५।१२।२७ मा काइयो समेत ३ आइटम,ओपेन्द्र काष्ठ उद्योग रुकुमकोटबाट मिति २०७६।१।८ मा खुट्टे चर्खा,हाले चर्खा समेत ३ आइटमका मेशिन औजार उपकरण खरिदमा रु.१,६८,४४७।५०, भत्ता लगायतमा रु.२,६५,२००।००,ढुवानीमा रु.९६,५००।०० खर्च भएको बिल भरपाई संलग्न रहेकोमा मिति २०७६।१।१० मा मुसिकोटदेखि पिपलटुङसम्म सामान ढुवानी ज्यालामा रु.८,५००।०० र मिति २०७६।१।१५ मा पिपलटुङदेखि पेल्मासम्म २२ जनाले सामान बोकेको भनी एकमुष्ट रुपमा ज्याला रु.८८,०००।०० समेत जम्मा ढुवानीमा कुल रु.९६,५००।०० बुझाएकोमा सामानको परिमाण, कामदार संख्या दर तथा ढुवानी गरिएका सामानहरुको नाम, परिमाण नखुल्नुको साथै सामान ढुवानी मिति भन्दा सामान खरिद ढिलो गरेको देखिएकोले तालिम कार्यक्रम तोकिएको समयमा प्रभावकारी रुपमा सञ्चालन भएको सम्बन्धमा यकिनसाथ भन्न सकिने अवस्था रहेन ।
(ख) खरिद गरिएका मेशिन उपकरणहरु हाल कहाँ र कस्तो अवस्थामा रहेको हुन भनी यकिन भएन । सम्झौतामा कार्यालय तथा वडा कार्यालयबाट समय समयमा अनुगमन गर्ने व्यहोरा उल्लेख भएको भएतापनि अनुगमन भएको देखिएन । तालिम कार्यक्रम सञ्चालन गर्न तयार गरेको लागत अनुमान अनुसार ढुवानीमा ३०,०००।०० रहेकोमा रु.९६,५००।०० खर्च भएकोले लागत अनुमान भन्दा रु.६६,५००।०० बढी खर्च भई कार्यालयलाई बढी व्ययभार पर्न गएको देखिन्छ ।
(ग) कार्यालय र समूहबिच सम्झौता हुदां १०० जनालाई रु.७,१९,९००।०० मा प्रति जना रु.७,१९९।०० मा तालिम दिनुपर्ने उल्लेख भएकोमा १२ जनालाई मात्र तालिम दिएको हाजिर तथा प्रतिबेदन पेश भएको र सो तालिममा कुल खर्च रु.६,००,३८५।०० भएकोले १२ जनाको लागि आवश्यक हुने उपकरण र अन्य खर्चको लागत गणना गरी सो बाहेक अन्य खर्च असूल हुनु पर्ने रु...............</td><td>५२८२६४.०</td><td></td></tr>
<tr><td>८.</td><td>गाउँपालिकाको वडा नं.१० तकमा अवस्थित महेन्द्र मा.बि.मार्फत बिभिन्न ४ वटा कार्यक्रमहरु बालदिवस, बालपोषण, पौष्टिक आहार र ल्यापटप खरिद कार्य सञ्चालन भएको जनाई गो.भौ.नं.२९२।०७६।३।२४ बाट रु.५,५०,०००।०० सो बिद्यालयलाई भक्तानी दिएको छ । बालदिवस अन्तर्गत बिद्यालयस्तरीय खेलकुद कार्यक्रम सञ्चालन गरेको मिति,स्थान र कार्यक्रममा उपस्थित खेलाडी,प्रशिक्षक लगायतका उपस्थितहरुको हाजिरी संलग्न नभएको साथै कार्यक्रम सञ्चालन एवं उपभोक्ता समितिको निर्णयानुसार हिमालय जनजागृति आ.बि.बाच्छीगाउँ र जनप्रीय आ.बि.घुम्लिवाङ लाई १।१ वटाको दरले जम्मा २ थान ल्यापटप खरिद गर्न रु.१,००,०००।०० व्यवस्था तथा निर्णय भएकोमा ३ थान रु.६८,०००।०० का दरले खरिद गरी रु.२,०४,०००।०० भुक्तानी गरेकोमा सो ल्यापटप सम्बन्धित बिद्यालयहरुलाई बुझाएको भर्पाई र विद्यालयले आम्दानी जनाएको जिन्सी दाखिला फाराम पेश भएको छैन । स्वीकृत बजेट तथा कार्यक्रम भन्दा बढी खरिद गरेको रु.६८,०००।०० सम्बन्धितबाट असुल हुनुपर्ने र बांकी २ वटा ल्यापटप सम्बन्धित बिद्यालयहरुलाई बुझाई ति बिद्यालयले जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.....................</td><td>२०४०००.</td><td></td></tr>
<tr><td>९.</td><td>गोश्वरा भौचर तथा बिल पेश नभएको :- आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा कुनै रकमको भुक्तानी गर्दा रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नु पर्ने व्यवस्था छ । तर कार्यालयले गो.भौ.नं.३१२।०७६।३।३० बाट रु.३,४१,७२४।०० बैंक नगदी किताब अनुसार खर्च लेखांकन गरेकोमा सो को गोश्वरा भौचर,बिल भरपाईहरु लेखापरीक्षणमा पेश हुन नआएको रु......</td><td>३४१७२४.०</td><td></td></tr>
<tr><td>१०.</td><td>अग्रीम कर :- आयकर ऐन २०५८ को दफा ८८ अनुसार रकम भुक्तानी गर्दा अग्रिम कर कट्टी गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले निम्न कार्यको भुक्तानीमा कर कट्टी नगरेको तथा घटी कर कट्टी गरेकोले नपुग कर असूल हुनु पर्ने रु.
<table>
<tr><th>ब.उ.शि.नं.र कार्यक्रमको नाम</th><th>गो.भौ.नं. र मिति</th><th>विवरण</th><th>कर</th><th></th></tr>
<tr><td>मुख्यमन्त्री ग्रामिण</td><td>३/०७६/१/१९</td><td>नगद भुक्तानी</td><td>१९५०.००</td><td></td></tr>
</table></td><td>१,९५०.०</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th></tr>
<tr><td>११.</td><td>औषधीको लागत अनुमान :– सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्वन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रही सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको सामान खरिद गर्दा लागेको वास्तविक लागत,स्थानीय बजारमा प्रचलित दरभाउ,उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समावेश गरी लागत अनुमान बनाई खरिद कार्य गर्नुपर्ने व्यवस्था छ कार्यालयले औषधी खरिदको लागत अनुमान सोही नियमावली अनुसार तयार नगरी ३ वटा सप्लायर्सहरुसंग दररेट माग गरि लागत अनुमान तयार गरी सिलबन्दी दरभाउपत्रको माध्यमबाट यस वर्ष गो.भौ.नं.७०७५।७२९ बाट रु.१६,२३,०२३।०० (५७ प्रकारका) र समानिकरण पूंजीगतबाट गो.भौ.नं.३०५।०७६।३।३० बाट रु.१२,११,१६६।०० (६३ प्रकारका) समानिकरण पूँजीगतबाट रु.१,७३,०३६।०० गरी जम्मा रु.३०,०७२२५।०० को औषधी खरिद गरेको छ । बिभिन्न शिर्षक तथा कार्यक्रमहरुमा बिनियोजित बजेटलाई ध्यान दिई एउटै प्याकेज बनाई तोकिएको विधि अनुसार लागत अनुमान तयार गरी खरिद प्रक्रियालाई थप प्रतिस्पर्धी बनाउने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । कार्यालयले खरिद गरेका औषधीहरु जिन्सी दाखिला तथा मातहत स्वास्थ्य संस्थाहरुमा हस्तान्तरण गरेको विवरण लेखापरीक्षणमा पेश हुन नआएको हुनाले यस सम्बन्धमा कार्यालयले प्रमाण पेश गर्नुपर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>१२.</td><td>गैर सरकारी संस्थाबाट भएको कार्य : सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४६ अनुसार गैर सरकारी संस्थाबाट काम गराउन सकिने व्यवस्था छ। साथै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९९ अनुसार यसरी काम गराउँदा काम सञ्चालनको विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु व्यवस्था छ । उपनियम २ अनुसार यसरी काम गराउनको लागि त्यस्तो काम गर्ने उद्देश्य राखी प्रचलित कानुनबमोजिम दर्ता भएको र नियम १८ बमोजिम मौजुदा सुचिमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तिमा १५ दिनको अवधि दिई राष्ट्रिय वा स्थानिय स्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र कार्यक्षेत्रगत शर्त पुरा गरी न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृति गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायका गैर सरकारी संस्थाबाट देहाय बमोजिम कार्य गराएकोमा लागत अनुमान तथा, सूचना प्रकाशन, प्रस्ताव माग तथा प्रतिष्पर्धा लगायतका प्रक्रिया पुरा गरेको देखिएन । साथै सो संस्था मूल्य अभिबृद्धि करमा दर्ता भएको समेत देखिएन । लागत अनुमान तथा प्रतिष्पर्धा वेगर कार्य गराएकोले वास्तविक रुपमा लाग्ने रकम नै भुक्तानी भएको छ भन्ने अवस्था भएन । नियमावलीको प्रक्रिया पुरा नगरी, मूल्य अभिबृद्धि करमा दर्ता नभएको सस्थाबाट कार्य गराई सस्थाले खरिद गरेको विल भपाईको आधारमा रकम भुक्तानी दिएको अनियमित रु............................</td><td>१४,३५,३३५.</td><td></td></tr>
<tr><td>१२.१.</td><td colspan="2"><table>
<tr><th>भौ.नं. र मिति</th><th>कामका विवरण</th><th>संस्थाको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१७–०७५/९/१५</td><td>मेलमिलाप सम्बन्धी आधारभूत तालिम</td><td>ग्रामिण विकास तथा सामाजिम सुधार केन्द्र</td><td>४५००००..००</td></tr>
<tr><td>२९०–०७६/३/३०</td><td>दलित समुदाय श्रव्य दृश्य निर्माण</td><td>बहुउद्धेश्यीय सम्पर्क सेवा प्रा.ली.मुसिकोट</td><td>३९५०००.००</td></tr>
<tr><td>२९८–०७६/३/३०</td><td>तथ्याङ्क बिश्लेषण,सम्पादन,सेटिङ तथा छपाई</td><td>मानव अधिकार सञ्चार तथा विकास केन्द्र मुसिकोट</td><td>४९१३३५.००</td></tr>
<tr><td></td><td>स्थानियस्तरको अनकुलन कार्ययोजना निर्माण</td><td>हिमालयन वहुसेवा प्रा.ली.कोहलपुर</td><td>९९०००.०</td></tr>
<tr><td></td><td colspan="2">जम्मा</td><td>१४३५३३५.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१३.</td><td>कोल पोष्टमार्टम भवन निर्माणः– गाउंपालिकाको कोलमा प्राथमिक स्वास्थ्य केन्द्रमा पोष्टमार्टम भवन निर्माण गर्न रु.९,६०,०००।०० गा.पा.बाट र श्रमदानबाट रु.१,२८,४४५।३७ समेत जम्मा रु.१०,८८,४४५।३७ को लागत अनुमान तयार गरी २०७६।३।१५ भित्र सम्पन्न गर्नेगरी मिति २०७५।११।२३ मा सम्झौता भएकोमा रु.९,६०,०००।०० को नापी तथा मूल्यांकन र कार्यसम्पन्न प्रतिवेदन तयार गरी समानिकरण बजेट बाट रु.६,६०,०००।०० र सशर्त शिक्षाबाट रु.३,००,०००।०० समेत रु. ९,६०,०००.०० भुक्तानी दिएकोमा फाइल साथ पेश भएको फोटो हेर्दा सो भवन निर्माण सम्पन्न भएको देखिएन । कार्यसंपन्न वेगर रकम भुक्तानी दिएको सम्बन्धमा सो उपभोक्ता समितिको बैंक खाता रोक्का राखिएको भन्ने जानकारी दिएकोमा सो रोक्का राखेको पत्र लेखापरीक्षणमा पेश भएको छैन । साथै निर्माण कार्य सम्पन्न नहुदै उपभोक्ता समितिको मिति २०७६।३।१० मा बसेको बैठकले निर्माण सामान खरिदमा रु.२,१०,६९९।००,दक्ष कामदार ज्याला रु.२,५०,०००।००,अदक्ष कामदार ज्याला रु.५,०२,८८४।००,बालुवा</td><td></td><td></td></tr>
</table>

दफा नं.	भौ.नं., मिति र व्यहोरा	रकम	फछ्र्यौटको विवरण
	खरिद तथा ढुवानीमा रु.६०,०००।००,काठ खरिदमा रु.७५,०००।०० र सामान ढुवानीमा रु.६२,५००।०० गरी जम्मा रु.११,६१,०८३।०० खर्च भई सम्झौता बमोजिम निर्माण सम्पन्न भएको हुदाँ आवश्यक विल भरपाई समेत गाउँपलिकामा पेश गरी रकम माग गर्ने निर्णय गरेकोमा उपभोक्ता समितिले सम्झौताको शर्त बमोजिम सार्वजनिक लेखापरीक्षण गरेको छैन । निर्माण कार्य सम्पन्न नहुदैं कार्य सम्पन्न भएको भनी निकासा माग गर्ने उपभोक्ता समिति तथा प्राबिधिक मूल्यांकन गर्ने प्राबिधिकहरुलाई जिम्मेवार बनाइ निर्माण कार्यको लागत अनुमान तथा सम्झौताको शर्त बमोजिम निर्माण कार्य सम्पन्न गरी पुन उपभोक्ता समितिले खर्चको अनुमोदन,सार्वजनिक लेखापरीक्षण,प्रचलित नियमानुसार अनुगमन गरी निर्माण कार्य सम्पन्न भएको पुष्टि हुने प्रमाण पेश हुनु पर्ने रु.............	११,६१,०८३.	
१४.	**जनप्रतिनिधि मार्फत खर्च तथा भुक्तानीः–** गाउँपालिकाको विभिन्न कार्यगर्दा जनप्रतिनिधिमार्फत काम गराई रकम भुक्तानी गरेको देखियो जनप्रतिनिधि मार्फत भएका केही कामको भुक्तानीको विवरण देहाय बमोजिम छ ।		

भौ.नं.र मिति	रकम	विवरण	नाम र ठेगाना	कैफियत
७०/०७५/१२/१९	३०००००.	जेष्ठ नागरिक तथा अपाङ सम्मान वितरण	वडा नं. ३ का वडाध्यक्ष श्री दोकरा बुढा	के.के.एक्जिम प्रा.ली.काठमाडौंबाट ब्ल्याङकेट खरिद गरी बितरण
२८२/०७६/३/२२	२०००००.०	फर्निचर खरिद तथा व्यवस्थापन	वडा नं.८ का का.बा. वडाध्यक्ष श्री पूर्ण बहादुर शाही	वाङ स मिल उद्योग शारदा न.पा.बाट सोफा हेभी समेत ७ आइटम खरिद गरेकोमा सो सामान जिन्सी दाखिला भएको प्रमाण पेश नभएको,
२०७६/१०/१८	१९,००,०००	स्याउ ओखरका विरुवा खरिद	कार्यपालिका सदस्य	पेश्की बाकी

जनप्रनिधिहरु कार्यपालिका तथा परिषदको सदस्य भएको र परिषदलाई नीति नियम निर्माण गर्ने, जिम्मेवारी तोकिएको र जन प्रतिनिधिलाई गाउँपालिकाका काम कारवाहीको अनुगमन गर्ने जिम्मेवारी तोकिएकोले जनप्रतिनिधि गाँउपालिकाको खरिद प्रक्रियामा संलग्न हुन नमिल्ने भएकोले यस प्रकारको कार्यबन्द हुनु पर्दछ ।

१५. **बिद्यालयहरुलाई जिन्सी हस्तान्तरण :–** गाउँपालिकाबाट बजेट बिनियोजन भए अनुसार बिभिन्न बिद्यालयहरुलाई फर्निचर तथा मेशिनरी सामानहरु खरिद गर्नको लागि रकम निकासा दिई बिद्यालयहरुले सामान खरिद तथा तयार गरेको बिल भरपाई पेश गरेको भएतापनि ति विद्यालयहरुले जिन्सी खातामा जिन्सी आम्दानी बांधेको प्रमाण पेश गरेको देखिएन । जसका केही उदाहरण देहाय बमोजिम छन् ।

भौ.नं.र मिति	रकम	बिद्यालयको नाम	सामानको नाम
१९५/०७६/३/१३	३०००००.	आधारभुत बिद्यालय वडा नं.४ अर्जल	डेस्क ३९ थान,बेन्च ३८ थान
२५१/०७६/३/१९	२५००००.	सिद्धमण्डली मा.बि.राङ्सी वडा नं.१४	काठको कम्प्यूटर ल्याव समेत

गााउ पालिकाबाट विद्यालयलाई तोकिएको कार्यगर्ने गरी निकासा दिएको रकमको खर्चको प्रमाणका साथै जिन्सी सामान आम्दानी बाँधेको प्रमाण समेत लिई आन्तरिक नियन्त्रण कायम गरिनु पर्दछ ।

१६. **डि.पि.आर.आर.खर्चः–** सार्वजनिक खरिद नियमावली २०६४ मा सार्वजनिक निकायले वस्तु वा सेवा खरिद गर्दा कामको प्रकृति अनुसार लागत अनुमान तथा प्याकेज तयार गरी रकमको आधारमा सोझै, दरभाउ पत्र, सिलबन्दी दरभाउ पत्र तथा बोलपत्रबाट खरिद गर्नु पर्ने उल्लेख छ । कार्यालयले देहाय अनुसारका बिभिन्न योजनाहरुको एकै प्रकृतिको डि.पी.आर को कामको पटक पटक गरी देहाय बमोजिम सोझै गराएको देखियो । परामर्शदाताहरुबाट पेश भएका डि.पि.आरको प्रतिवेदेनको छुट्टै अभिलेख राखेको देखिएन । लागत अनुमान तयार गरी एउटै प्याकेज बनाई सिलबन्दी दरभाउपत्र वा बोलपत्रबाट खरिद गर्दा प्रतिष्पधी हुने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

गो.भौ.नं.र मिति	भुक्तानी रकम	विषय	परामर्शदाता
११५/०७६/१/२३	१४०६९००.००	सिमलचौर जाङ खारखोला सडक १८.५०० कि.मी.	Mannins consult pvt ltd,Lalitpur
११४/०७६/१/२३	५९५९६८.००	कोल त्रिवेणी सडक ६.८८८ कि.मी.	Nova multi service Lalitpur
४१/०७५/१२/१५	२१३८०४.००	राङ्सी मनीचौर सडक ३.०३७ कि.मी.	Civil Work consultancy Bhaktapur
४२/०७५/१२/१५	४९९८४०.००	क्यूवाङ कोल सडक ७.१०० कि.मी.	BRS Engg.solution KTM
४३/०७५/१२/१५	३५६१५३.००	नाखा जामावगर सडक ५.०५९ कि.मी.	SDC Engg. service KTM
२९४/०७६/३/३०	८६८७००.००	रिवाङचौर सडक १२.४०१ कि.मी.	Mount Makalu Engg. Lalitpur
२९६/०७६/३/३०	४९६५२०.००	हुकाम स्याउ फर्म	Strenght developers KTM
२९५/०७६/३/३०	४९०९८५	मसिना वगर पार्क	Pathivara Engg.Solution Morang

दफा नं.	भौ.नं., मिति र व्यहोरा	रकम	फछ्र्यौटको विवरण
	जम्मा ४९२८८७०.००		
१७.	**भरपाई पेश नभएको:–** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा कुनै रकमको भुक्तानी गर्दा रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले देहाय बमोजिमका भौचरबाट गाउँकार्यपालिकाको बैठकमा उपस्थितहरुलाई बैठक भत्ता तथा खाजा खर्च वापत रु. रु.१,१५,८००।०० लेखांकन गरेकोमा भरपाईमा सबन्धितले बुझिलिएको नदेखिएकोले रकम बुझाएको प्रमाण पेश गर्ने अन्यथा राजस्व दाखिला हुनु पर्ने रु.....	१,१०,८००	

बैठक बसेको मिति	विवरण	बैठक भत्ता	आतेजाते	जम्मा
२०७५/१०/१५,१६,१७	१९ जना	३९९००.००	२१०००.००	६०९००.००
२०७५/९/२८	१७ जना	११९००.००	२००००.००	३१९००.००
	चिया खाजा	००	००	१८०००.००
जम्मा		**५१८००**	**४१०००**	**११०८००**

दफा नं.	भौ.नं., मिति र व्यहोरा	रकम	फछ्र्यौटको विवरण
१८.	**स्याउको बिरुवा खरिद:–** हिमचुली समशितोष्ण फलफुल नर्सरी पुथा उत्तरगंगा वडा नं.२ बाट स्याउको बिरुवा ३७११ प्रति बिरुवा रु.४०।०० का दरले जम्मा रु.१,४८,४४०।०० गो.भौ.नं.१५।०७६।३।१३ बाट भुक्तानी दिएकोमा सो सप्लायर्सले जारी गरेको बिलमा मिति उल्लेख नगरेको, खरिद गरिएका बिरुवाहरु बितरण गरेको भरपाई पेश नगरेको तथा अनुगमन प्रतिवेदन समेत पेश नभएको हुनाले उक्त बिरुवा खरिद गरी बितरण गरिएको सम्बन्धमा यकिन साथ भन्न सकिने आधार प्रमाण पेश नभएको रु...............	१४८४४०.	
१९.	**बिनियोजन भन्दा बढी खर्च:–** ना.प्रा.स.श्री बसम मल्लले आरिसिकेचर खरिद तथा बितरण गर्नको लागि लिएको पेश्की गो.भौ.नं.१०।०७६।२।१२ बाट रु.१,००,०००।०० फछ्र्यौट गरेकोमा लुम्बिनी एग्रो टेक एण्ड सप्लायर्स नेपालगञ्जबाट सामान खरिद गरी रु.१,२४,०५०।०० को बिल पेश गरेकोले बाँकी रकम रु.२४,०५०।०० थप भुक्तानी दिएकोमा बिनियोजित बजेट भन्दा बढी खर्च भएको अनियमित रु........	२४०५०.०	
२०.	**समानिकरण पशुतर्फ** **पशु औषधी खरिद:–** गाउँपालिका अन्तर्गतका ४ वटा पशु सेवा ईकाइहरुको लागि न्यू साइकुमारी एग्रो भेट सेन्टर मसिकोट वडा नं.१ बाट मिति २०७५।८।२१ मा ३० आइटम औषधीहरु खरिद गरी गो.भौ.नं.७०७५।१२।१७ बाट रु.२,५०,०००।०० भुक्तानी दिएकोमा सो औषधीहरु बितरण गरेको भरपाई तथा जिन्सी दाखिला गरेको प्रमाण लेखापरीक्षणमा पेश नभएको रु....................	२५००००.००	
२१.	**भ्याक्सिन खरिद:–** कार्यालयले H.S.and B.Q. भ्याक्सिन मिसन कृषि भेट फर्माबाट मिति २०७६।२।१३ मा रु.९९,८८०।०० र रेबिज भ्याक्सिन मिसन कृषि भेट फर्माबाट मिति २०७६।२।१३ मा रु.१,००,०००।०० मा खरिद गरेकोमा सो भ्याक्सिनहरु खरिद गरेको प्रयोजन,प्रयोग तथा बितरण गरेको प्रमाण पेश हुन नआएको रु.............	१९९८८०.००	
२२.	**मोटर मर्मत** : सरकारी कार्यालयलमा सवारी साधन तथा मेसनरी औजार उपकरणको ममर्त खर्च नियन्त्रणको लागि म.ले.प.फा.नं. २ मर्मत अभिलेख राख्ने व्यवस्था छ। कार्यालयले यस बर्ष चालु तर्फको मर्मत खर्च शिर्षकमा रु.६,२४,६८५.००खर्च गरेकोमा मर्मत अभिलेख राखेको छैन । सवारी साधनको मर्मत अभिलेख राखी आन्तरिक नियन्त्रणको व्यवस्था गर्नु पर्दछ ।		
२३.	**जिन्सी दाखिला :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ (१) अनुसार कार्यलयमा प्राप्त मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी कितावमा ७ दिन भित्र आम्दानी बाँधी श्रेस्ता खडा गरी अध्यावधीक गरी राख्नु पर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा परीक्षण गर्दा कार्यालयले कार्यालयले देहायका बजेट उपशिर्षक तथा खर्च शिर्षक बाट खरिद गरेको देहाय बमोजिमका जिन्सी सामान जिन्सी खातामा दाखिला गरेको नदेखिएकोले जिन्सी खातामा आम्दानी बाँधी रित पूर्वक खर्च भएको समेत प्रमाण पेश हुनु पर्ने साथै लेखा परीक्षण नमूना छनौटको आधारमा गरिएकोले कार्यालयले देहायमा उल्लेख गरिए भन्दा बाहेक आर्थिक वर्षभरी खरिद गरेका जिन्सी सामानहरु समेत दाखिला गरेको तथा रित पूर्वक खर्च गरेको सम्बन्धमा यकिन गर्नु पर्ने रु.............................	२४४८८१३	

शिर्षक	गो.भौ.नं.र मिति	भुक्तानी रकम	खरीद गरिएको सामानको विवरण	आपूर्ति कर्ता
सशर्त स्वास्थ्य	२६/०७६/३/३०	११५०००.००	न्यू जे.टी.कम्प्यूटर सप्लायर्स,मुसिकोट	ल्यापटप डेल आई ७ थान १
सशर्त स्वास्थ्य	२१/०७६/३/६	४०००००.०	स्वास्थ्य संयोजक वशिष्टनारायण यादवको पेश्की फछ्र्यौट गर्दा	११ वटा सामुदायिक ईकाइमा सर्जिकल सामान १९ आइटम खरिद
समानिकरण पूंजीगत	६/०७५/७/२८	२५९९००.०	लक्ष्मी अटो पार्टस एण्ड	१५० सि.सि.पल्सर मोटरसाइकल

दफा नं.	भौ.नं., मिति र व्यहोरा	रकम	फछ्यौटको विवरण

			रिपेयरिङ्ग सेन्टर,मुसिकोट	
समानिकरण पूंजीगत	१९/०७५/९/२६	१०५००.००	सिद्ध बार्ह फर्निचर उद्योग कोल	दराज
समानिकरण पूंजीगत	२८२/०७६/३/२२	२०००००.००	जयखैराबाङ्क स.मिल उद्योग शारदा न.पा.	हेभी सोफा समेत ७ आइटम
समानिकरण पूंजीगत	१६६/०७६/२/२८	४१८१०.००	जि.एण्ड जि.ट्रेडर्स,त्रिपुरेश्वर	टेलिस्कोपिक एब्नीह्याण्ड लेवल
समानिकरण पूंजीगत	२६०/०७६/३/२२	१५००००.०	श्रेष्ठ फर्निचर उद्योग मुसिकोट	कम्प्युटर टेबुल समेत ४ आइटम
समानिकरण पूंजीगत	२९०/०७६/३/३०	१००४६२.०	गौतम जनरल एण्ड सप्लायर्स मुसिकोट	जुट कार्पेट समेत
समानिकरण पूंजीगत	२९०/०७६/३/३०	९५७११.००	एभरेष्ट बहुसेवा प्रा.ली.खलंगा	फोटोकपी प्रिन्टर समेत ३ आइटम
समानिकरण पूंजीगत	३००/०७६/३/३०	३२०००.००	न्यू मोर्डन ए टु जेट फेन्सी खलंगा	रेनकोट १० थान
समानिकरण पूंजीगत	३००/०७६/३/३०	२५७०००.०	डायनामिक बहुसेवा क.प्रा.ली.मुसिकोट	झोला र छाता
समानिकरण पूंजीगत	३०२/०७६/३/३०	५७५००.००	लाङघाली काष्ठ उद्योग पुथा ११	कुर्ची समेत ६ आइटम
समानिकरण पूंजीगत	३०२/०७६/३/३०	१८०००.०	ओपेन्द्र काष्ठ उद्योग,सिस्ने ६	बक्सपलङ्ग
समानिकरण पूंजीगत	३०६/०७६/३/३०	४९६६२५.०	डि.के.ट्रेडर्स मुसिकोट	उद्धार सामाग्री खरिद
	गल १५ थान समेत उद्धार सामाग्री खरिद गरेकोमा कुन उद्धेश्यको लागि खरिद गरेको हो उपयोग नभई मौज्दात रहेको पाईयो			
समानिकरण पूंजीगत	३०७/०७६/३/३०	४४६३५.	सहज होम डेकोर उण्ड अर्डर मसिकोट	कुर्ची ५० पिस
समानिकरण पूंजीगत	३०७/०७६/३/३०	२९९४५.	पाण्डे काष्ठ उद्योग मुसिकोट	दराज दुई खण्डे १० पिस
समानिकरण पूंजीगत	३०८/०७६/३/३०	१३९७८५.०	ठुलीभेरी ईन्जिनियरिङ मुसिकोट	सोलार पाता व्याट्री
	जम्मा			

वित्तिय हस्तान्तरण सशर्त अनुदान केन्द्र सरकार

अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत यस गाँउपालिकालाई संघीय सरकारबाट प्राप्त शशर्त बजेट निकासा खर्च स्थीति देहाय बमोजिम छ।

सि.नं	विवरण	निकासा	खर्च	बाँकी
	उर्जा विकास	२७०७०००.००	१७५२७००.००	९५४३००.००
१	सशर्त शिक्षा(चालु)	८०६९८०००.००	७०६१६२८५.००	१००८१७१५.००
२	,, स्वास्थ्य(चालु)	२२३०२०००.००	१९७३६६०२.००	२५६५३९८.००
३	,, कृषि (चालु)	४१५१०००.००	१७५३८१८.०००	२३९७१८२.००
४	,, पशु (चालु)	१३२९०००.००	३२२२१०.००	१००६७९०.००
५	बन तथा वातावरणिय सरसफाई	४३४०००.००	०	४३४०००.००
६	महिला,बाल र समाज कल्याण	७८७०००.००	३४६७९४.००	४४०२०६.००
७	युवा परिषद्, खेलकुद	१०००००.००	१०००००.००	०
८	ग्रामिण सामुदायिक पूर्वाधार	५११२०००.००	५११२०००.००	०
	जम्मा	**११७६२००००.००**	**९९७४०४०९.००**	**१७८७९५९१.००**

उल्लेखित बजेट सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :

बाँकी मौज्दात फिर्ता : क्षेत्रगत कार्यक्रम तर्फ निकासा मध्ये खर्च नभई बाँकी रहेको रकम संघीय संचित कोषमा दाखिला गरेको छ ।

२४. **सशर्त शिक्षातर्फ**

तलबी प्रतिवेदन :- विद्यालयमा सेवारत शिक्षकहरुको तलब विद्यालय शिक्षक किताव खानाबाट पारित तलबी प्रतिवेदन का आधारमा खर्च लेख्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष विद्यालयमा सेवारत शिक्षकको तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नभएको अवस्थामा लेखिएको खर्च सही हो भनी एकीन गर्न सकिएन । कार्यालयले शिक्षकको तलबी प्रतिवेदन पारित गरी खर्च लेख्नु पर्दछ ।

२५. **शिक्षकको तलब निकासा:–** लेखापरीक्षणको ईकाइगत योजना अनुसार नमूना छनौटको आधारमा आर्दश मा.बि.खाराबाङ्क लाई रु.२४,७०,७४४।००,पुथा हिमालय उ.मा.बि.मैकोटलाई रु.४६,१४,८९५।००,जनजागृति

दफा नं.	भौ.नं., मिति र व्यहोरा	रकम	फछ्र्यौटको विवरण
	प्रा.वि.मयाङ्ग हुकामलाई रु.१०,५२,४६१।०० र जनज्योति नि.मा.बि.जाङलाई रु.११,३९,३४७।०० प्रथम,दोश्रो तथा अन्तिम किस्ता रकम निकासा भएकोमा बिद्यालयहरुबाट प्राप्त निकासा माग फाराम पेश नभएको कारण निकासा रकम यकिन गर्न नसकिएको रु.....	९२,७७४४७ .	
२६.	**पाठ्यपुस्तक रकम निकासाः–** कार्यालयले बिद्यालयहरुलाई पाठ्यक्रम बिकास केन्द्र सानोठिमि भक्तपुरबाट प्रकाशित हुने पुस्तकको दरमा ७५ प्रतिशत मात्र भुक्तानी दिनुपर्नेमा कार्यालयले सम्पूर्ण रकम निकासा दिएको र जनक शिक्षाको दररेटलाई आधार नमानी विद्यालयहरुबाट पेश भएको दररेटको आधारमा देहायमा अनुसार भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.१,०९,२९१।०० असुल हुनुपर्ने रु...........	१,०९,२१९.०	

बिद्यालयको नाम	कक्षा	निकासा भएको रकम	पाठ्यक्रम बिकास केन्द्र सानोठिमि भक्तपुर दर अनुसार हुने रकम	पाठ्यक्रम बिकास केन्द्र सानोठिमि भक्तपुरको रकम अनुसार ७५ प्रतिशतले निकासा हुनुपर्ने रकम	पाठ्यक्रम बिकास केन्द्र सानोठिमि भक्तपुरको रकम अनुसार ७५ प्रतिशतभन्दा बढी निकासा रकम	पाठ्यक्रम बिकास केन्द्र सानोठिमि भक्तपुर दर भन्दा बढी निकासा रकम	कुल बढी निकासा रकम
आर्दश मा.बि.खाराबाङ्ग जाङ	१ देखि १० सम्म	१००१९०.००	९५३२६.००	७१४९४.००	२३८३२.००	४८६४.००	२८६९६.००
पुथा हिमालय उ.मा.बि.मैकोट	१ देखि १२ सम्म	१८१६८०.००	१७७४४०.०	१३३०८०.००	४४३६०.००	४२४०.००	४८६००.००
जनजागृति प्रा.वि.मयाङ्ग हुकाम	१ देखि ५ सम्म	४८७२०.००	४८७२०.००	३६५४०.००	१२१८०.००	००	१२१८०.००
जनज्योति नि.मा.बि.जाङ	१ देखि ८ सम्म	७९२८०.००	७९२८०.००	५९४४५.००	१९८१५.००	००	१९८१५.००
जम्मा							**१०९२९१**

दफा नं.	भौ.नं., मिति र व्यहोरा	रकम	फछ्र्यौटको विवरण
२७.	**दलित छात्रवृत्तिको अनुगमनः–** कार्यालयले दलित बिद्यार्थीहरुको लागि आदर्श मा.बि.खाराबाङका ३६ जनाको लागि रु.४९,६००।००,पुथा हिमालय उ.मा.बि.का ६३ जनाको लागि रु.९०,०००।००,जनजागृति प्रा.बि.का २१ जनाको लागि रु.५६,३००।०० र जनज्योति नि.मा.बि.का २५ जनाको लागि रु.४७,९००।०० निकासा दिएको छ । विद्यालयजम्मा निकासा दिएको छात्रवृत्ति वितरण गरेको अनुगमन हुनु पर्दछ ।		
२८.	**कन्टेन्जेन्सी खर्च** : ग्रामिण सामुदायिक पूर्वाधार विकास कार्यक्रममा विभिन्न प्रकारका निमार्ण तथा कार्यक्रम र प्रशासनिक कार्य गर्न बजेट स्वीकृत गरी खर्च गरेको छ । कार्यक्रम स्वीकृत गर्दा प्रशासनिक कार्यको लागि समेत बजेट छुटयाएकोमा कार्यालयले पुनः निर्माण कार्यको लागि खर्च भएको रकमबाट कन्टेन्जेन्सीमा रु.३४१७२८.०० खर्च गरेको छ । एउटै बजेट उपशिर्षकमा निर्माण तथा कार्यक्रम समावेश भएको र प्रशासनिक कार्यको लागि समेत रकम व्यवस्था भएको अवस्थामा निर्माण कार्यको बजेटबाट कन्टेन्जेन्सी समेत खर्च गर्दा अनावश्यक रकम खर्च हुन सक्ने भएकोले प्रशासनिक कार्यको लागि आवश्यक बजेट छुटर्याई कन्टेन्जेन्सीबाट प्रशासननिक खर्च गर्ने कार्य नियन्त्रण गरिनु पर्दछ ।		
२९.	**विषयगत शिर्षकहरु - ब.उ.शि.नं. ८०१७६९३ स्वास्थ्य तर्फ** **तलबी प्रतिवेदन :-** स्थानीय तहमा कार्यरत कर्मचारीहरुको बार्षिक तलबी प्रतिवेदन परित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले कर्मचारीको तलबी प्रतिवेदन पारीत नगरी तलव खर्च लेखेको छ । तलवी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।		
३०.	**आमा सुरक्षा कार्यक्म्र :–** गो.भौ.नं.२२।०७६।३।३० बाट स्वास्थ्य संयोजक श्री समिर गिरीको रु.९,७९,०००।०० पेश्की फछ्र्यौट गर्दा स्वास्थ्य चौकी मैकोटका ४५ जनालाई यातायात र संस्थागत रकम समाबेश गरेकोमा सो सेवा लिई रकम भुक्तानी लिने ४३ जना मात्र देखिएकोले २ जनाको बढी भुक्तानी हुन गएको देखिन्छ । यातायात खर्च जनही रु.१,०००।०० र संस्थागत रु.१,०००।०० समेत रु.३,०००।०० का दरले २ जनाको रु.६,०००।०० असुल हुनुपर्ने रु...........	६०००.००	
	केन्द्रीय सरकारका कार्यकम :		
	अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत सघीय सरकारका विभिन्न क्षेत्रगत कार्यक्रम संचालन गर्न यस बर्ष विनियोजित बजेट तथा खर्चको स्थिति देहाय बमोजिम छ ।		

सि. नं	विवरण	निकासा	खर्च	बाँकी
१	स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम	१५५९०४२०.००	१५५९०४२०.०	०
२	सामाजिक सुरक्षा	२९७७८६००.००	२९७७८६००.०	०
३	प्रधानमन्त्री रोजगार कार्यक्रम	३३९८५७०.००	३२३२५४६.००	१६६०२४.००
४	झोलुङ्े पुल क्षेत्रगत कार्यक्रम	१३४५००००.००	१३४५००००.०	०
५.	बहुक्षेत्रीय पोषण कार्यक्रम	१४८४०००.००	१३७२५२०.००	१११४८०.००

दफा नं.	भौ.नं., मिति र व्यहोरा	रकम	फछ्यौटको विवरण

६.	पर्यटन पूर्वाधार	२५०००००.००	७५००००.००	१७५००००.००
	जम्मा	६६२०१५९०.००	६४१७४०८६.००	२०२७५०४.००

निकासा मध्ये खर्च नभई बचत रहेको रकम आर्थिक बर्ष २०७६।०७७ मा संचित कोषमा दाखिला भएको छ । उल्लेखित खर्च सम्बन्धमा देखिएका अन्य व्यहोरा देहायबमोजिम छन् :

३१. **सामाजिक सुरक्षा ज्याला वितरण :** प्रधानमन्त्री रोजगार कार्यकम अर्न्तगत यस बर्ष बेरोजगार नागरिकलाई कामको लागि पारिश्रमिक वितरण गर्न रु.२९ लाख विनियोजन भएकोमा गाँउ पालिकाले ५ ५ लाखका ५ योजना छनौट गरी उपभोक्ता समिति गठन गरी योजना संचालन गरेको र सबै रकम उपभोक्ता समितिलाईनै भुक्तानी गरी ५ उपभोक्ता समितिले २९३ व्यक्तिलाई रु.२५,००,०००.०० वितरण गरेको मष्टरोल पेश गरेको देखियो । कामदारले गरेको कामको अनुगमन तथा रेखदेख र कामदारलाई ज्याला वितरण गर्ने कार्यमा कार्यालयको प्रत्यक्ष संलग्नता देखिएन । कार्यालयबाट वितरण गर्नु पर्ने ज्याला रकम उपभोक्ता समिति मार्फत वितरण गरेको र वितरण भर्पाइमा रकम प्राप्त गर्नेको ठेगान, बाबुको नाम, आदि विवरण वेगर नाममात्र लेखी ज्याला वितरण गरेको नियम संगत देखिएन ।

३२. **स्टिल पार्टस :** यस गाँउपालिकामा निर्माणाधिन झोलुङे पुलको लागि आवश्यक पार्टस् खरिद गरे वापत निम्न सप्लाायर्सलाई देहाय बमोजिम रकम भुक्तानी गरेकोमा सप्लाई भएका स्टिल पार्टस कार्यालयका कर्मचारीले वा उपभोक्ता समतिका पदाधिकारीले बुझिलिएको देखिएन ।

भौ.नं. मिति	नाम	रकम
२-२०७६/१/१०	एस.के.इन्जिनियरिङ	२७,७८,७६६.०००
१२-२०७५/३/२५	जुनकिरी इण्जष्ट्रिज प्रा.ली	१७७६०४१.००

सामान प्राप्त गर्दा सामान बुझिलिएको विवरण, जिम्मेवार व्यक्ति र स्थान खुलाउनु पर्दछ ।

३३. **पर्यटन पूर्वाधार विकास :** यस गाँउ पालिकामा पर्यटन पूर्वाधार विकास योजना संचालन गर्न पर्यटन मन्त्रालयबाट रु.२५ लाख बजेट प्राप्त भएकोमा गाँउपालिकाले ढोरपाटन मैकोट से फोक्सुण्डो पदमार्ग निर्माण गर्न रु.२८,६१,७६८.००को लागत अनुमान तयार गरी २०७५।१२।२ मा उपभोक्ता समिति गठन तथा २०७५।१२।२२ मा सैझौता गरी भौचर रु.७ लाख ५० हजार पेश्की दिएको छ । २०७६।२।३० सम्म सम्पन्न गर्नु पर्ने यस निर्माण कार्यको समायवधि समाप्त भए पनि निर्माण कार्य संपन्न नभएकोमा म्याद थप समेत भएको देखिएन । काम सम्पन्न नभएकोले यस बर्ष निकासा भएको बाँकी बजेट फ्रिज भएको छ । यस सम्बन्धमा उपभोक्ता समति विच विबाद उत्पन्न भई काम रोकिएको कर्यालयको भनाई रहेको छ। निश्चित कार्यको लागि प्राप्त भएको रकम ताकिएको प्रक्रिया पुरा गरी उपभोक्ता समिति गठन गरी समयावधि भित्र सम्पन्न गर्नु पर्दछ । यस सम्बन्धमा म्याद थप गरिएकोले थप म्याद भित्र सम्पन्न गरे पछि भुक्तानी दिईने कार्यालयले जनाएको छ ।

प्रदेश सरकार अनुदान :

प्रदेश सरकारबाट यस बर्ष गाउँपालिकालाई प्राप्त समानीकरण, शर्शत र क्षेत्रगत कार्यकम संचालन गर्न प्राप्त बजेट तथा खर्चको स्थिति देहाय बमोजिम छन् :

सि.नं	विवरण	निकासा	खर्च	बाँकी	कैफियत
१	समानिकरण	४१०२०००.०	४१०२०००.०	०	कोषमा ट्रान्सफर
३	शर्शत बजेट (सभाहल निर्माण)	६००००००.०	०	०	
४	,, ,, (खेल मैदान निर्माण)	३६००००००.००	३४३८०१९.०	६१६१९८१.०	
५.	मूख्यमंत्री ग्रामिण विकास कार्यक्रम	४६९००००.० ०	४४६६७६०.०	२२३२४०.००	
६.	समपुरक अनुदान	०	१०७८२०००.	०	
७	टेली सेन्टर	१२०००००.००	१११०३४२.००	८९६५८.००	
	जम्मा	१९५९२०००.०	२३८९९१२१	६४७४८७९.०	

उल्लेखित बजेट तथा खर्च सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :

३४. **बचत रकम फिर्ता :** प्रदेश सरकारबाट प्राप्त समानिकरण अनुदान बाहेक अन्य कार्यक्रमको निकासा मध्ये खर्च नभई बाँकी रहेको रकम रु.६४,७४,८७९.०० प्रदेश सरकारलाई फिर्ता गरेको देखिएन । प्रदेश सकारबाट शशर्त र कार्यक्रम तोकी निकासा दिएको रकम खर्च नभई बाँकी रहेकोमा प्रदेश सरकारलाई फिर्ता हुनु पर्ने रु.................. — रकम: ६४,७४,८७९.

३५. **ढिलो निकासा :** प्रदेश सरकार तथा गाँउपालिकाको साझदारीमा कार्यक्रम संचालन गर्न समपुरक तर्फ यस बर्ष प्रदेश सरकारबाट रु.२ करोड ७२ लाख २८ हजार लागत अनुमान भएका ३ योजना छनौट

दफा नं.	भौ.नं., मिति र व्यहोरा	रकम	फछ्र्यौटको विवरण

गरी प्रदेश सरकारको तर्फबाट रु.१ करोड १० लाख ३ हजार उपलब्ध हुने पत्र सहित कार्यान्वयनको लागि पत्र प्राप्त भएकोमा प्रदेश सरकारले व्यहोर्नु पर्ने रकम मध्ये १ करोड ७ लाख ८२ हजार आर्थिक बर्ष व्यतित भए पछि २०७६।४।६ मा मात्र कार्यालयको खातामा दाखिला भएकोले उक्त रकम खर्च हुन सकेको देखिएन । प्रदेश सरकारले व्यहोर्नु पर्ने रकम र कार्यालयको तर्फबाट भुक्तानी गर्नु पर्ने रकम समेत रु.२,४२,७७,५००.०० कार्यालयले आफ्नो श्रोतबाट भुक्तानी गरेको छ ।

आयोजनाको नाम	लागत अनुमान	गाउँपालिकाबाट भुक्तानी		प्रदेश सरकाबाट भुक्तानी	
		हुनु पर्ने	भएको	हुनु पर्ने	भएको
कोल त्रिवेणी सडक निर्माण	९७७८६८२.००	५000000	८७२४०००	३८०००००	०
पदमीकोल सडक निर्माण	९४९२७९७.००	४५०००००	८४६२०००	४०४३०००	०
ओख्मा त्रिवेणी सडक निर्माण	७९५६५६९.००	४००००००	७०९१५००	३१६००००	०
जम्मा	२७२२८०४८.००	१३५०००००.	२४२७७५००	११००३०००	०

साझेदारीमा संचालन हुने योजनाको लागि श्रोत व्हहोर्ने निकायबाट समयमा रकम निकासा गरी आयोजना संचालन हुनु पर्दछ ।

शशर्त निकासा : प्रदेश सरकारबाट देहाय बमोजिका योजना कार्यान्वयन गर्न शशर्त बजेट निकासा भएको छ ।

आयोजनाको नाम	लागत अनुमान	बजेट निकासा	खर्च
सभाहल निर्माण	६०००००००.००	६०००००००.००	०
खेल मैदान निर्माण	३६०००००.००	३६०००००.००	३४३८०१९.००

३६. **बढी भुक्तानी :** आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ मा कार्यालयले प्राप्त विल भपाई जाँच गरी भुक्तानी गर्नु पर्ने उल्लेख छ । खेल मैदान निर्माण गरे वापत निर्माण व्यवसायि यु.ए. विल्डर्स लाई भुक्तानी दिँदा निर्माण नगरेको फुटवल पोष्टको रकम समेत भुक्तानी दिएकोले असुल हुने रु......................... ५६५२४.००

३७. **बीमा :** सार्वजनिक खरिद नियमावली २०६४ मा रु १० लाख भन्दा बढीको निर्माण कार्यमा बीमा गराउनु पर्ने व्यवस्था अनुरुप फुटवल खेल मैदानको निर्माण कार्यको मूल्य परीमाण पत्रमा वीमा रकम समावेश गरी निर्माण व्यवसायीलाई बीमा वापत रु.५००००। भुक्तानी गरेकोमा संलग्न कागजात बमोजिम निर्माण व्यवसायीले निर्माण कार्यको वीमा नगरी केवल दुर्घटना बीमा मात्र गरेको र सो वापत निजले वीमा कम्पनीलाई रु.५५५९.०० मात्र भुक्तानी गरेकोले बीमा वापत भुक्तानी गरेको तर वीमा नगरेको अंशको रकम असूल हुनु पर्ने रु....... ४४४४१.००

३८. **कर कट्टी दाखिला बांकीः–** टेलिसेन्टरतर्फ रु.१४,२५०।०० कर कट्टा भएकोमा आर्थिक वर्षको अन्त्यसम्म दाखिला हुन बाँकी देखिएकोले केन्द्रिय संचितकोषमा दाखिला हुनुपर्ने रु...................... १४२५०.००

मुख्यमन्त्री ग्रामिण बिकास कार्यक्रमः– आर्थिक तथा सामाजिक सूचकका आधारमा कमजोर देखिएका गाउंपालिकाहरुका घरपरिवार वा व्यक्तिहरुको गुणस्तरीय शिक्षा,स्वास्थ्य,रोजगारी,आयआर्जनका अवसरहरु तथा सामाजिक संरक्षणका कार्यक्रम मार्फत जीवनस्तर सुधार गरी गरिवी निवारण गर्ने उद्धेश्यले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सञ्चालन गर्ने मुख्यमन्त्री ग्रामिण बिकास कार्यक्रमको लागि रु.४६,९०,०००।०० बजेट व्यवस्था भए अनुसार निकासा भएको मध्ये रु.४४,५५,८००।०० खर्च भई रु.२,३४,२००।०० बांकी रहेको देखिन्छ । ।यस कार्यक्रममा भएको खर्चका सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन ।

३९. **सहजकर्ताको जिम्मेवारी** : यो कार्यक्रम जिल्लाका सम्पूर्ण स्थानिय तहमा लागु भएको छ । कार्यक्रमको सहजिकरण गर्न एक सहजकर्ता नियुक्त भई जिल्ला समन्वय समिति रुकुमकोटमा रही ` काम गरेको देखिन्छ । गाउंपालिकाहरुबाट सञ्चालन गर्नुपर्ने कार्यक्रमहरुको लागि कार्यबिधि २०७५ लागु भएको र सो कार्यबिधिमा कार्यक्रम सहजकर्ताले कार्यक्रम सिफारिस तथा कार्यन्वयन समिति र जिल्ला व्यवस्थापन तथा समन्वय समितिलाई आवश्यक सहयोग,समितिको निर्देशनमा आवश्यक तथ्याङ्क संकलन गर्ने,कार्यक्रमको नियमित समन्वय र सुपरीवेक्षण गरी सिफारिस तथा कार्यान्वयन समिति र केन्द्रीय कार्यान्वयन तथा समन्वय इकाइमा नियमित प्रतिवेदेन पेश गर्ने उल्लेख छ । गाउँपालिकाबाट सञ्चालन भएका अधिकांश कार्यक्रमहरु कार्यक्रम सहजकर्तालाई पेश्की तथा सोधभर्ना दिई निज मार्फत संचालन भएको देखियो । समन्वय र सुपरिवेक्षण र अनुगमनको संयोजन गर्ने पदाधिकारी मार्फत कार्यक्रम सञ्चालन हुनु नियमसम्मत देखिएन । कार्यालयबाट कार्यक्रम संचालन गरी सोको अनुगमन, सुपरिवेक्षण गर्ने कार्य सहजकर्ता तथा समितिबाट गर्ने र रकम भुक्तानी गर्दा पेश्की वा सोधभर्नाबाट नभई सोझै पाटीलाई भुक्तानी गरी आन्तरिक नियन्त्रण कायम गरिनु पर्दछ । यस कार्यक्रम अन्तर्गत भएका खर्चका

दफा नं.	भौ.नं., मिति र व्यहोरा	रकम	फछ्र्यौटको विवरण
	बिल भरपाईहरु कार्यालय प्रमुखबाट प्रमाणित नभएकोले प्रमाणित हुनु पर्ने देखिन्छ ।		
४०.	**स्वास्थ्य शिविर खर्चः-** गो.भौ.नं.६।२०७६।०२।०६ स्वास्थ्य शिविर सञ्चालनको लागि रु.१०,००,०००।०० बजेट विनियोजन गरी खर्च गरेकोमा देखिएका व्यहोरा देहाय बमोजिम छन् । (क) सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४६ अनुसार गैर सरकारी संस्थाबाट काम गराउन सकिने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९९ अनुसार यसरी काम गराउँदा काम सञ्चालनको विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्नेछ भन्ने व्यवस्था छ । उपनियम २ अनुसार यसरी काम गराउनको लागि त्यस्तो काम गर्ने उद्देश्य राखि प्रचलित कानुनबमोजिम दर्ता भएको र नियम १८ बमोजिम मौजुदा सुचिमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तिमा १५ दिनको अवधि दिई राष्ट्रिय वा स्थानिय स्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र कार्यक्षेत्रगत शर्त पुरा गरी न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृति गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाले पुथा उत्तरगंगा वडा नं.८ रिबाङ्चौरमा २ दिने जनरल हेल्थ क्याम्प तथा महिला प्रजनन् स्वास्थ्य शिविर संचालन गर्दा गाउपालिकाले लागत अनुमान तथा प्रस्ताव माग नगरी बजेट व्यवस्था भएको आधारमा रुकुमेली सामुदायिक अस्पताल प्रा.ली.मुसिकोट वडा नं. १ पश्चिम रुकुमबिच सम्झौता गरी सो अस्पतालले पेश गरेको प्रगति प्रतिबेदन अनुसार बिभिन्न १३ शिर्षकमा रु.९,३९,३००।०० खर्च भएको जनाई सो अस्पताललाई उक्त रकम भुक्तानी दिएको छ । सो शिविर सञ्चालनको लागि लागत अनुमान तयार नगरेको र अस्पतालले प्रस्ताव समेत पेश नगरेको कारण लागत र खर्च रकम तुलना गर्ने आधार भएन । गैर सरकारी संस्थाबाट कार्य गराँउदा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ को प्रक्रिया पुरा गर्नु पर्दछ । (ख) देहायमा उल्लेख गरिएको विवरण अनुसार खर्चको पुष्टि हुने प्रमाण,बिल भरपाई तथा नर्म्स पेश नभएकोले नियमसम्मत नदेखिएको रु.............................	८,०००००।०	

बिबरण	भुक्तानी रकम	देखिएका व्यहोराहरु
औषधी खरिद	२०००००.	प्रगति प्रतिबेदनमा औषधी खरिद गरेको जनाएकोमा सो को बिल,बितरण भरपाई पेश नभएको
यातायात	५००००.	प्रगति प्रतिबेदनमा २ जनालाई २ दिनको रु.२५,०००।०० का दरले यातायात खर्च भुक्तानी दिएकोमा सो सवारी साधन प्रयोग गर्ने मानिस कहांबाट कहांसम्म प्रयोग भएको र कुन मितिमा प्रयोग भएको व्यहोरा नखुल्ने
प्रयोगशाला खर्च	१४००००.	प्रगति प्रतिबेदन अनुसार ल्याब वापत रकम भुक्तानी दिएकोमा सो सेवा लिएको अभिलेख तथा सो को प्रति सेवा कति दर हो नखुली एकमुष्ट ल्याब शुल्क माग गरेको आधारमा भुक्तानी भएको
भिडियो एक्सरे	६००००.०	प्रगति प्रतिबेदन अनुसार ल्याब वापत रकम भुक्तानी दिएकोमा सो सेवा लिएको अभिलेख तथा सो को प्रति सेवा कति दर हो नखुली एकमुष्ट ल्याब शुल्क माग गरेको आधारमा भुक्तानी भएको
बिशेषज्ञ डा.नबिन बुढाथोकी	१४००००.	बिशेषज्ञलाई २ दिनको प्रति दिन रु.७०,०००।०० का दरले पारिश्रमिक दिएकोमा सो दरले पारिश्रमिक दिन मिल्ने नर्म्स,लागत अनुमान लगायतको प्रमाण पेश नभएको कारण सो दर भिडान गर्ने आधार प्रमाण नभएको
बिशेषज्ञ डा.सुनिल पुन	६००००.०	बिशेषज्ञलाई २ दिनको प्रति दिन रु.३०,०००।०० का दरले पारिश्रमिक दिएकोमा सो दरले पारिश्रमिक दिन मिल्ने नर्म्स,लागत अनुमान लगायतको प्रमाण पेश नभएको कारण सो दर भिडान गर्ने आधार प्रमाण नभएको
एन.ए.एक जना	३००००.००	एच.ए.लाई २ दिनको प्रति दिन रु.१५,०००।०० का दरले पारिश्रमिक दिएकोमा सो दरले पारिश्रमिक दिन मिल्ने नर्म्स,लागत अनुमान लगायतको प्रमाण पेश नभएको कारण सो दर भिडान गर्ने आधार प्रमाण नभएको
अ.हे.ब.र स्टाफ नर्स गरी दुई	४००००.०	अ.हे.ब.र स्टाफ नर्सलाई २ दिनको प्रति दिन रु.१०,०००।०० का दरले पारिश्रमिक दिएकोमा सो दरले पारिश्रमिक दिन मिल्ने नर्म्स,लागत अनुमान लगायतको प्रमाण पेश नभएको कारण सो दर भिडान गर्ने आधार प्रमाण नभएको

दफा नं.	भौ.नं., मिति र व्यहोरा	रकम	फछ्र्यौटको विवरण

जना		
ल्याब अ.सि.दुई जना	३००००.०	ल्याब अ.सि.लाई २ दिनको प्रति दिन रु.७,५००।०० का दरले पारिश्रमिक दिएकोमा सो दरले पारिश्रमिक दिन मिल्ने नर्म्स,लागत अनुमान लगायतको प्रमाण पेश नभएको कारण सो दर भिडान गर्ने आधार प्रमाण नभएको
अ.हे.ब.,अ.न.मी.,रिसेप्सनिष्ट र का.स.पांच जना	५००००.०	५ जना लाई २ दिनको प्रति दिन रु.५,०००।०० का दरले पारिश्रमिक दिएकोमा सो दरले पारिश्रमिक दिन मिल्ने नर्म्स,लागत अनुमान लगायतको प्रमाण पेश नभएको कारण सो दर भिडान गर्ने आधार प्रमाण नभएको
जम्मा	८०००००	

दफा नं.	भौ.नं., मिति र व्यहोरा	रकम	फछ्र्यौटको विवरण
४१.	**अनुदान कार्यक्रमः–** मुख्यमन्त्री ग्रमिण विकास कार्यक्रमबाट गाँउ पालिकाले देहाय बमोजिमका सामान खरिद गरी वितरण गरेको छ । सामाग्री वितरण सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् (क)गाउंपालिकाले बिभिन्न लक्षित वर्ग कार्यक्रम अन्तर्गत बिभिन्न समुदाय तथा कृषकहरुलाई वितरण गर्न सामाग्री खरिद गरेको र अधिकांशलाई बितरण गर्न बांकी रहेको र ति सामानहरु जिन्सी दाखिला समेत भएको नदेखिदां सो कार्यक्रमको लागि भएको खर्च बाट प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गरी लक्षित वर्गलाई उपलब्ध गराएको अनुदानबाट सेवा सुविधा तथा कृषकको जिवनस्तरमा सुधार भयो भन्न सकिने अबस्था देखिएन । गाउँपालिकाबाट अनुदान दिएको रकमबाट कृषकहरुको कार्य प्रगति तथा अनुदान रकम सदुपयोग भए नभएको सम्बन्धमा नियमित अनुगमन समेत गर्ने संयन्त्रको बिकास गरी नियमित अनुगमन गर्नुपर्नेमा सो समेत गरेको पाईएन । लक्षित वर्गको लागि खरिद गरिएका सामान समयमा वितरण तथा सोको अनुगमन समेत गर्ने तर्फ ध्यान जानुपर्दछ । (ख) निम्नानुसार उल्लेख गरीएका सामानहरु प्राप्त गर्न छनौट भएका सम्बन्धित पक्षले बुझिलिएको प्रमाण तथा जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्ने रु..............	१४३२८३५	

गो.भौ.नं.र मिति	भुक्तानी रकम	बिबरण	कैफियत
५/०७६/१/३०	५११८१०.	हरमेटिक स्टोरेज व्याग १३६५ थान	कार्यक्रम सहजकर्ता मार्फत खरिद गरि वडा नं.२,४,६,७,८,१२,१३,१४ का वडाध्यक्षहरुलाई ९० थानका दरले वडा नं.१० वडाध्यक्षलाई १४२ थान गरी जम्मा ८६२ थान कृषकहरुलाई बितरण गर्न बुझाएकोमा कृषकहरुलाई बितरण गरेको भरपाई पेश नभएको,बांकी ५०३ थान जिन्सी दाखिला नभएको र कृषकहरुलाई समेत बितरण नभएको
११/०७६/२/२७	३७७०००.	थ्रेसर मेशिन ४ वटा समेत घांस काट्ने मेशिनहरु	
१८/०७६/३/११	४७७४२५.	सामुदायिक बिद्यालयका लक्षित वर्गका विद्यार्थीहरुलाई झोला खरिद	माधब स्विइङ्ग ईण्डष्ट्रिज काठमाडौंबाट ३२५ थान खरिद गरिएकोमा जिन्सी दाखिला नभएको,बिद्यार्थीहरुलाई बितरण गरेको भरपाई पेश नभएको
२२/०७६/३/३१	६६६००.	उल कटिङ्ग मेशिन १८ थान खरिद	बुटवल कृषियन्त्र घर रुपन्देहीबाट १८ थान खरिद गरेकोमा जिन्सी दाखिला नभएको तथा बितरण समेत भएको नदेखिएको,

दफा नं.	भौ.नं., मिति र व्यहोरा	रकम	फछ्र्यौटको विवरण
४२.	**बैठक भत्ताको भरपाईः–** गो.भौ.नं.२०।०७६।३।३० कार्यालयले मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रमबाट रु. मिति २०७५।१२।२० मा शिक्षा समन्वयात्मक बैठकको ९ जना पदाधिकारी तथा कर्मचारीहरुलाई जनही रु.१,०००।०० का दरले रु.९०००.०० बैठक भत्ता खर्च लेखांकन गरेकोमा सम्बन्धितले बुझिलिएको नदेखिएकोले भरपाई पेश गर्ने अन्यथा राजस्व दाखिला गर्नुपर्ने (कर दाखिला बाहेक) रु......	७६५०.००	

दफा नं.	भौ.नं., मिति र व्यहोरा	रकम	फछ्र्यौटको विवरण
४३.	**बिद्यार्थी भर्ना अभियानः–** यस कार्यक्रम अन्तर्गत अमर छापाखाना उद्योग तथा सप्लायर्स मुसीकोट न.पा.१ बाट मिति २०७६।१।२५ मा बिद्यार्थी भर्ना रजिष्टर ५० थान समेत १६ प्रकारका २८१४ वटा सामानहरु खरिद गरी रु.३,५२,५६०।०० तथा ढुवानी रु.१२,५६०।०० गरी जम्मा रु.३,६२,५६०।०० खर्च लेखांकन गरेकोमा ति सामानहरु जिन्सी दाखिला प्रतिवेदन संलग्न राखेको भएतापनि सामानहरु जिन्सी दाखिला भएको छैन । अभियान संचालन गरेको गाँउ, विद्यालय आदिको विवरण, व्यवस्थापन समितिको निर्णय,भर्ना भएका , बिद्यार्थीहरुको संख्या, सोको अभिलेख, विद्यालयसंगको पत्राचार लगायतका प्रमाण वेगर खर्च गरेको नियमसम्मत नभएको रु.................	३६२५६०.	
४४.	**सोधभर्ना भुक्तानीः–** मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रमका कार्यक्रम संयोजक श्री लिलामणि गौतमलाई विद्यार्थी भर्ना अभियानको लागि दै.भ्र.भत्ता रु.१०,९६०।००,स्काभेटर र लोडर अपरेटर तालिमको लागि समन्वय गर्न काठमाडौं गएको दै.भ्र.भत्ता रु.२६,१००।००,तथ्यांक संकलनको दै.भ्र.भत्ता रु.१०,८००।०० र स्वास्थ्य शिबिरको दै.भ्र.भत्ता रु.८,६४०।०० गरी जम्मा दै.भ्र.भत्ता रु.५६,५००।०० समेत एस्काभेटर र लोडर तालिममा काठमाडौं खटिएका ६ जनाको गाडी भाडा,खाना र फुटकर खर्चमा रु.१६,४००।०० र सिप बिकास तालिम केन्द्र सानोठिमीलाई एस्काभेटर तथा लोडर शुल्क वापत रु.१,९७,६५०।०० गरी जम्मा रु.२,७०,५६०।०० भुक्तानी दिएको छ । यसरी कार्यालयले तालिममा खटिएका प्रशिक्षकहरु लगायतका व्यक्ति तथा संस्थाहरुलाई सिधैं भुक्तानी नदिई कार्यक्रम संयोजक मार्फत भुक्तानी दिनु नियमसम्मत देखिएन ।		
४५.	**लोकसेवा तयारी कक्षाः–** मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रमबाट २ महिने ना.सु.तथा खरिदारको तयारी कक्षा मिति २०७६।१२।२४ देखि मिति २०७६।२।३२ सम्म त्रिभुवन जनता मा.बि.छिप्रिदह रुकुमकोटमा संचालन गरीगो.भौ.नं.१५।०७६।३।११ बाट रु.१,९८,५००।०० खर्च लेखेकोमा तालिममा २०७५ चैत्रमा ७९,२०७६ बैशाख महिनामा ७१ र २०७६ जेठ महिनामा ६१ जना सहभागी भएको विवरण पेश भएकोमा तालिम सञ्चालनार्थ प्रशिक्षकहरुले पढाउने विषय र समय सहितको तालिका पेश भएको छैन । तालिममा तह ४ र ५ का २० सेट पुस्तक रु.४५,९००।०० मा खरिद गरिएकोमा ७ जनाले मात्र बुझिलिएको भरपाई संलग्न भएकोले १३ थान पुस्तकको रु.२९,८३५।०० खर्च नियमसम्मत नभएकोले सो पुस्तक जिन्सी दाखिला हुनुपर्ने अन्यथा सम्बन्धितबाट सो पुस्तक बराबरको रकम असुल हुनुपर्ने रु...........	२९८३५.००	
	आन्तरिक कोषहरु		
	आन्तरिक रुपमा खडा गरिएका कोषको आय व्यय स्थिति देहाय बमोजिम छन् :		

विवरण	गत बर्षको बचत	यस बर्षको आय	खर्च	बाँकी
प्रशासनिक खर्च(आन्तरिक आय)				
प्रकोप व्यवस्थापन कोष	०	१५६१३७५.०	६१५०००.००	९४६३७५.००
धरौटी	४१२४५०००.०	६१४६७००.०	२७६३७८५.००	७५०७४१५.०

दफा नं.	भौ.नं., मिति र व्यहोरा	रकम	फछ्र्यौटको विवरण
	उल्लेखित कोष सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् :		
४६.	**कोषको प्रयोजन :** प्रकोप व्यवस्थापन कोषबाट यस बर्ष हुकाममा हेलीप्याड निर्माण गरी रु.५ लाख खर्च गरेको देखियो । बार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्न सकिने कामको लागि प्रकोप व्यवस्थापन कोषबाट खर्च गर्नु उचित देखिएन । प्रकोप व्यवस्थापन कोषको रकम आकस्मिक रुपमा भएका दैवी विपत्तीको उद्धारमा खर्च गरिनु पर्दछ।		
	समष्टिगत व्यहोराहरु		
४७.	**प्रशासनिक खर्च को आधार :**कार्यालयले प्रशासनिक कार्यको लागि बजेट विनियोजन गर्दा कार्यालयले सम्पादन गर्ने वभिन्न कार्य र सो कार्य गर्न खरिद गर्नु पर्ने सामान, सेवा वा महसूलको आधारमा कार्यालयको जनशक्ति, मातहतका वडा आदिलाई आधार लिनु पर्दछ । कार्यालयले प्रशासनिक खर्चमा रकम विनियोजन गर्दा लिएको आधार स्पट भएन । प्रशासनिक कार्यको लागि रकम विनियोजन गर्दा निश्चित आधारमा विनियोजन गरी न्यून प्रशासनिक खर्चमा अधिक उपलब्धी हासिल गर्नु पर्दछ ।		
४८.	**प्रशासनिक खर्चको पारदर्शिता :** कार्यालयको दैनिक प्रशासन संचालन गर्न चालु खर्च शिर्षक कार्यालय संचालनमा रु.३१,८०,०२७.०० खर्च गरेको छ । नेपाल सरकारका प्रधानमन्त्री रोजगार कार्यकम, ग्रामिण		

दफा नं.	भौ.नं., मिति र व्यहोरा	रकम	फछ्र्यौटको विवरण
	पूर्वाधार विकास कार्यक्रम लगायतमा समेत प्रशासनिक प्रयोजनको लागि बजेट स्वीकृत भएको छ । त्यस्तै नेपाल सरकारको शशर्त बजेट तथा प्रदेश सरकारको टेली सेन्टर, मुख्यमन्त्री रोजगार कार्यक्रम लगातयतमा समेत प्रशासनिक कार्यको लागि रकम विनियोजन भएको छ । यस अतिरिक्त कार्यलयले निर्माण कार्यको कन्टेन्जेन्सीबाट समेत प्रशासनिक कार्यमा खर्च गर्ने गरेको छ । विभिन्न शिर्षकबाट गरिएका प्रशानिक खर्चको एकिकृत विवरण नराखिएकोले प्रशासनिक खर्चको विश्लेषण गर्न सकिएन । धेरै शिर्षकबाट प्रशासनिक खर्च गर्ने तर एकिकृत विवरण तयार नगर्दा कार्यलय संचालन लगायतमा अनावश्यक खर्च हुन सक्ने, मितव्ययिता नहुने जस्ता जोखिम रहने भएकोले आन्तरिक नियन्त्रण तथा पारदर्शिताको लागि सबै बजेट उप शिर्षक तथा कन्टिजेन्सीबाट भएको प्रशासनिक खर्चको एकिकृत विवरण तयार गर्नु पर्दछ ।		
४९.	**जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली २०६४ मा कार्यालयमा प्राप्त भएका सामान मध्ये खर्च भएर जाने प्रकृतिका सामान खर्च भएर जाने जिन्सी खातामा र खर्च भएर नजाने जिन्सी सामान खर्च भएर नजाने जिन्सी खातामा आम्दानी बाँधी प्रयोग कर्ताबाट रितपूर्वकको स्विकृत माग फारम प्राप्त गरी खर्च घटाउने व्यवस्था छ । कार्यालयले जिन्सी आम्दानी जनाउन खडा गरेका जिन्सी खातामा खरिद गरिएका संम्पूर्ण जिन्सी सामान आम्दानी नबाधिएको, जिन्सी खाता प्रमाणित नभएको,खर्च भएका सबै सामान खर्च जनाई जिन्सी खाता अद्यावधिक नगरिएकोले कार्यालयमा प्राप्त भएका सबै सामान रित पूर्वक आम्दानी तथा खर्च भएको छ भन्न सक्ने अवस्था भएन । कार्यालयले सबै उपशिर्षक तथा खर्च शिर्षकबाट खरिद गरिएका सामान जिन्सी दाखिला तथा रित पूवर्क खर्च भए नभएको, अनावश्यक सामान खरिद तथा खर्च भए नभएको सम्बन्धमा छानविन गर्नु पर्ने देखिएको छ ।		
५०.	**श्रोत अनुमान** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय , राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था अनुरुप समिति गठन भई यस बर्ष रु.१ करोड ८ लाख आन्तरिक आय प्रक्षेपण गरेकोमा रु.६३,१०,७४७.०० आन्तरिक आम्दानी भएको छ ।		
५०.१.	**राजस्व अभिलेख व्यवस्था :** गाउँपालिकाको आयको श्रोतको रुपमा मालपोत दस्तुर, सिफारिस दस्तुर, तथा नविकरण, मेसिन उपकरण भाडा आदि रहेको छ । कार्यालयले नगदी रसिदबाट प्राप्त गरेको राजस्व प्रविष्टि गर्ने राजस्वको दैनिक आवर्जे खाता तथा राजस्वको श्रोत खाता नराखेकोले राजस्वको अभिलेख व्यवस्थित रहेको पाईएन । त्यस्तै वडा कार्यालयले संकलन गरेको राजस्वको मासिक तथा बार्षिक विवरण, राजस्वका शिर्षक, श्रोत आदि खुलेको विवरण तयार गरी गाउँपालिकामा पठाउने नगरी संचित कोषमा रकम मात्र जम्मा गरिदिने र कार्यालयले सोही रकमलाई आधार मानी आम्दानी बाँध्ने गरेको छ । यस बर्ष अधिकंश वडाबाट मालपोत तथा सिफारिस वापतको दस्तुर प्राप्त भएको नदेखिएकोले कार्यालयले छानविन गरी राजस्व असुल उपर गर्नु पर्ने देखिएको छ । गाउँपालिकामा प्राप्त हुनु पर्ने सबै राजस्व प्राप्त भए नभएको तथा प्राप्त भएको राजस्व बैंक दाखिला भए नभएको सुनिश्चित गर्न तोकिए बमोजिमको अभिलेख राख्नु पर्दछ ।		
५१.	**कार्यक्रमगत खाता :** वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यक्रम सञ्चालन गर्दा विभिन्न श्रोतबाट विनियोजित बजेट, निकासा एवं खर्चको स्थिति स्पष्ट हुने गरी प्रत्येक कार्यक्रम, कामको कार्यक्रमगत खाता, योजनागत खाता राख्नु पर्छ । जसले गर्दा खर्च स्वीकृत कार्यक्रम अनुसार भए नभएको र योजनागत खर्च स्पष्ट हुन्छ । कार्यालयबाट सञ्चालित प्रत्येक कार्यक्रमहरुको स्रोत छुट्टीने गरी कार्यक्रमगत खाता नराखेकोले कुन कार्यक्रम / काममा कति खर्च भयो भन्ने यकिन गर्न सकिएन । कार्यालयले स्विकृत कार्यक्रम अनुरुप कार्यक्रमगत खाता राख्ने तर्फ ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।		
५२.	**सभाको निर्णय कार्यान्वयन** - गाँउपालिका सभाबाट पारित कार्यक्रम र कार्यान्वयनको अवस्था को अभिलेख राखेको नदेखिँदा विश्लेषण गर्न सकिएन । सभाबाट पारित भएका योजनाको कार्यान्वयन स्थितिको प्रगति प्रतिवेदन तयार गर्नु पर्दछ ।		
५३.	**अनुगमन :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यबस्थापन कार्यविधि २०६९ को दफा ३३(१) बमोजिम गाउं पालिकाले आफ्नो क्षेत्र भित्र संचालित बिभिन्न कार्यकम वा आयोजनाहरुको समग्र अनुगमन गर्न गाउं प्रमुख (अध्यक्ष) वा अध्यक्षको काम गर्न तोकिएको पदाधिकारीको संयोजकत्वमा गाउं सुपरिबेक्षण तथा अनुगमन समिति गठन गरी सो समितिले संचालित कायकम, आयोजना, सामाजिक सुरक्षा भत्ता बितरण, बाल संरक्षण अनुदान र व्यत्तिगत घटना दर्ता कार्यकम लगायत गाउँपालिकाका समग्र कार्यक्रमहरुको		

दफा नं.	भौ.नं., मिति र व्यहोरा	रकम	फछ्र्यौटको विवरण
	अनुगमन गर्नु पर्ने व्यबस्था भएकोमा सो अनुसार अनुगमन गरी प्रतिवेदन तयार गरेको पाईएन । त्यस्तै गाउंपालिकाका बडाहरुमा भएका जिन्सि सामानहरु ठिक दुरुस्त भए नभएको संबन्धमा गाउंपालिकाबाट अनुगमन निरीक्षण हुने गरेको पाईएन । कार्यविधिमा उल्लेख भएबमोजिम बार्षिक कार्य तालिका बनाई अनुगमन गरी प्रतिवेदन पेश गर्ने र कार्यान्वयन गर्ने व्यवस्था हुनुपर्दछ ।		
५४.	**आन्तरीक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्यमा मितव्ययीता, प्रभावकारिता, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको पाईएन । साथै प्रचलित कानूनमा व्यवस्था भएका आन्तरिक नियन्त्रण संग सम्बन्धित निम्न व्यवस्था समेत कार्यान्वयन भएको पाईएन । आन्तरिक नियन्त्रण प्रभावकारी नहुँदा श्रोत साधनको दुरुपयोग हुन सक्ने तथा मितव्ययी रुपले खर्च नहुन सक्ने भएकोले प्रचलित कानूनमा व्यवस्था भएका आन्तरिक नियन्त्रणसंग सम्बन्धित प्रावधान लागु गरी कार्यालयको कामको प्रकृति बमोजिम थप आन्तरिक नियन्त्रणको व्यवस्था लागु गर्नुपर्दछ । ● आर्थिक कार्यविधि नियमावली २०६४ बमोजिम सवारी साधन तथा मेसिनरी औजारको मर्मत अभिलेख राख्ने । ● आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ बमोजिम विलभर्पाईमा कार्यालयप्रमुखले प्रमाणित गरी "भुक्तानी भएको" जनाउने छाप लगाउनु पर्ने । ● भ्रमण खर्च नियमावली २०६४ बमोजिम कर्मचारी तथा पदाधिकारीको भ्रमणको अभिलेख राख्ने । ● नापि किताबमा नापि गरेको मिति, ठेक्का विलमा विल तयार गरेको मिति उल्लेख गर्ने । ● सवारी साधनमा भएको इन्धन खपतको लगबुक राख्ने । ● उपभोक्ता समिति मार्फत काम गराउदाँ सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली,२०६४ मा उल्लेख गरिएको प्रकृया अवलम्बन गरी योजनालाई आवश्यक पर्ने निर्माण सामग्री तथा सेवा खरिद गर्ने र सामग्रीको रकम भूक्तानी गर्दा सम्बन्धित फर्मको नाममा एसी पेइ चेकबाट मात्र भुक्तानी गर्ने ।		
५५.	**उपभोक्ता विल भपाई :** आर्थिक कार्यविधि नियमावली २०६४ कार्यालयले रकम भुक्तानी गर्दा रितपूर्वको विल भर्पाइको आधारमा गर्नु पर्ने उल्लेख छ । कार्यालयले उपभोक्तालाई रकम भुक्तानी गर्दा नापि तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा गर्ने गरेको भए पनि उपभोक्ताले खर्च गरेका रकमको विल भर्पाइ समेत लिई भौचर साथ संलग्न गरेको देखियो । उपभोक्ताका विल परिक्षण गर्दा लागत अनुमानमा समावेश नभएका कार्यमा खर्च गरेको, सादा कागजमा भपाई गराएको आधारमा ठूलो रकम भुक्तानी दिने गरेको, मष्टरोल फाराममा उल्लेख गर्नु पने सबै व्यहोरा उल्लेख गर्ने नगरेको लागत अनुमानमा उल्लेख भएको भन्दा बढी दरमा खरिद गर्ने गरेको जस्ता कैफियत देखियो । कार्यालयले उपभोक्ताले पेश गरेका विल भपाईको आधारमा नभई कामको नाँपचाँचको आधारमा भुक्तानी दिने भए पनि उपभोक्ताले लागत अनुमानमको आधारमा काम गर्ने भएकोले दर विश्लेषण अनुसारका समान तथा मूल्य र उपभोक्ताले पेश गरेका विलमा उल्लेख भएको मूल्य परिमाण तथा सामाग्रीमा सामान्जस्यता हुनु पर्दछ ।		
५६.	**स्थानीय तथ्याङ्क र अभिलेख :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन,अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको पाइएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप संचालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्य अगाडि वढाउन आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउंपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।		
५७.	**बर्षान्तमा बढी खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य		

दफा नं.	भौ.नं., मिति र व्यहोरा	रकम	फछ्र्यौटको विवरण
	तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार पूँजिगत खर्च रु.१८ करोड ८८ लाख ०६ हजार मध्ये प्रथम चौमासिकमा ६२ लाख ६३ हजार अर्थात ३ प्रतिशत, दोस्रो चौमासिकमा १ करोड ९५लाख ७६ अजार अर्थात १० प्रतिशत र तेश्रो चौमासिकमा १६ करोड २९ लाख ६६ हजार अर्थात ८७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढमा ९ करोड ४३ लाख २४ हजार अर्थात ५९ प्रतिशत खर्च भएको छ । तेस्रो चौमासिक तथा आषाढमा खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । बर्षान्तमा हतारमा काम गर्दा व्यवस्थापनमा कठिनाई भई गुणस्तरमा असर पर्ने भएकोले योजना संझौता गर्ने कार्य प्रथम चौमासिकमा सम्पन्न गरी सन्तुलित रुपमा कार्यसम्पादन हुनु पर्दछ ।		
५८.	**सम्पत्ति हस्तान्तरण तथा व्यवस्थापन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यस गाउँपालिकामा पर्ने साविक गाउँ विकास समिति, स्वास्थ्य संस्था, पशुसेवा केन्द्र लगायतमा रहेका चल अचलसम्पत्ति, हस्तान्तरण भएको पाईएन । त्यस्तै कार्यालयले खरिद गरेका र विषयगत शाखामा रहेका सामानको जिन्सी खाता समेत छुट्टा छुट्टै राखेको पाईयो । विषयगत शाखाहरुमा रहेका सामानको अभिलेख गाउँपालिकामा नराखिएमा सामानको वास्तविक परीमाण यकिन हुन नसक्ने भएकोले सबै बिषयगत कार्यालयमा रहेका सामानको अभिलेख गाउँपालिका कार्यालयमा राख्ने र विषयगत शाखा तथा वडामा सहायक खाता राख्ने व्यवस्था हुनु पर्दछ ।		
५९.	**कर्मचारी व्यवस्था :** गाउँपालिकामा रहने कर्मचारी दरवन्दी ६० रहेपनि ५ मात्र स्थायी पूर्ति भएको देखियो । यस गाउँ पालिकामा १४ वडा कार्यालय रहेकोमा सबै वडा कार्यालयमा सचिवको पद रिक्त रहेकोले सेवा प्रवाह सूचारु रुपले संचालन भएको छैन । डोजर, लोडर अपेरेटर, एक गाँउ एक प्राविधिक, शिक्षा तथा स्वास्थ्य तर्फका स्वयं सेवक लगायतको दरबन्दी स्वीकृत नभएकोमा सेवा करार खर्च शिर्षक तलब भुक्तानी दिएको छ । कार्यालयको दरबन्दी यकिन गरी तलब खर्च लेख्नु पर्दछ ।		
६०.	**सेवा करार** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) मा कार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । त्यस्तै नियम ३ मा एक लाख रुपैयाँभन्दा बढी शुल्क लाग्ने सेवाको करार गर्नुपर्दा राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी प्रक्रिया बमोजिम करार सेवा लिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले प्राविधिक तर्फका कर्मचारीको मात्र सूचना प्रकाशन गरी करार संझौता गरेको देखियो । अन्य करार सेवाबाट लिनु पर्ने अन्य पद समेत नियमावलीमा व्यवस्था भए बमोजिम सूचना प्रकाशित गरी प्रतिस्पर्धा बाट लिनु पर्दछ ।		
६१.	**सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अर्न्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । योजना रकम भुक्तानी दिंदा सार्वजनिक परीक्षण फारम संलग्न गरेको पाईयो । सार्वजनिक परीक्षणमा सरोकारवालाको न्यून उपस्थिति र खर्चमा सवै क्रियाकलापको विवरण उल्लेख गरी सार्वजनिक गरेको देखिएन । सरोकारवाला सबैलाई उपस्थित गराई खर्च भएका रकमको सम्पूर्ण विवरण समेत सार्वजनिक गरी सार्वजनिक लेखापरीक्षण हुनु पर्दछ ।		
६२.	**सार्वजनिक सुनुवाई :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । सो अनुसार सार्वजनिक सुनुवाई गरेको छैन ।		
६३.	**गुणस्तर परिक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । फर्निचर तथा मेसिनरी औजारबाट खरिद गरिएका कम्प्यूटर लगायतका सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।		
६४.	**योजनाको मूल लागत अनुमान तथा अभिलेख :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र छिटो प्रतिफल प्राप्त हुने		

दफा नं.	भौ.नं., मिति र व्यहोरा	रकम	फछ्र्यौटको विवरण
	योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले यस बर्ष सडक, सिचाई, खानेपानी, भवन निर्माण र मर्मतका योजनाको लागि बजेट विनियोजन गरेकोमा क्रमागत योजनाको मूल लागत अनुमान तयार नगरी बार्षिक रुपमा छुट्याईएको बजेटलाई लागत मानी बजेट खर्च गरेको छ । एकै बर्षमा सम्पन्न नहुने सडक, सिंचाई, खानेपानी, भवन निर्माण,विद्युतिकरण जस्ता योजनामा प्रत्येक बर्ष भएको खर्च देखिने अभिलेख नभएको कारण कुल लागत तथा खर्च खुल्ने अवस्था छैन । एक आर्थिक बर्ष भित्र सम्पन्न नहुने योजनाको मुल लागत अनुमान तयार गरी भएको बार्षिक खर्च देखिने अभिलेख राखी योजना कार्यान्वयन हुनु पर्दछ ।		
६५.	**सेवा प्रवाह :** गाउँपालिकाले नागरिकता, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म,मृत्यु को प्रमाणपत्र दिने लगायतका सेवा प्रदान गर्ने व्यवस्था छ । कार्यालयले यस बर्ष सम्पादन गरेका उल्लेखित कार्यहरुको वडाबाट विवरण प्राप्त गरी अभिलेख राखी बार्षिक प्रतिवेदन तयार गरेको पाईएन । कार्यालयको कामलाई पारदर्शी बनाउन तथा सरोकारवालालाई जानकारी दिन वडा तथा गाउँपालिकाबाट सम्पादन भएका सेवा प्रवाहको एकिकृत प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने व्यवस्था हुनु पर्दछ ।		
६६.	**जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ५० वमोजिम कार्यालयमा कुनै प्रकारवाट प्राप्त भएका जिन्सी सामानको लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् ,कार्यालय प्रमुखले एक आर्थिक वर्षमा कम्तीमा एक पटक आफैंले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारीवाहेक अन्य कर्मचारीले वा प्राविधिकद्धारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लेखी वा लिई राख्ने व्यवस्था गर्नुपर्ने उल्लेख छ । गाउँकार्यपालिकाबाट जिन्सी निरीक्षण प्रतिवेदन लेखापरीक्षणमा पेश भएन । जिन्सी निरीक्षण प्रतिवेदन पेश गर्नुपर्दछ ।		
६७.	**हेभी मेशीनबाट कार्य गराएको :-** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९६ (९) मा उपभोक्ता समिति वा लामग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर एक्साभेटर,रोलर,डोजर,ग्रेडर विटुमिन डिस्ट्रीब्यूटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न सकिने छैन भन्ने व्यवस्था गरेको छ । तर कार्यालय सँग सम्झौता गरी वाटो निर्माण र मर्मत गर्ने उपभोक्ता समितिहरुले निर्माण व्यवसायीहरु सँग एक्साभेटर, लोडर, डोजर, ब्रेकर, बकेट भाडामा लिई निर्माण/मर्मत गरेको छ । कतिपय उपभोक्ता समितिले कार्यालयबाट सम्झौता बमोजिम प्राप्त गर्ने अनुदान रकम भन्दा बढी रकमको भाडाको विल पेश गरेका छन् । भाडामा डोजर लोडर दिने आपूर्तकले विजक जारी गर्दा असूल गरेको मु.अ.कर सम्बन्धीत आन्तरिक राजस्व कार्यलयमा दाखिला गरेको प्रमाण कार्यालयले लिएको देखिएन । नमूना छनोटको आधारमा लेखापरीक्षण गर्दा देखिएका केही योजनामा एक्साभेटर र डोजर प्रयोग गरी उपभोक्ता समितिले भुक्तानी लिएको रकम देहाय बमोजिम छ । उपभोक्ताबाट मेसनरी औजार प्रयोग गरी निर्माण कार्य गर्ने काममा नियन्त्रण हुनु पर्दछ ।		

गो.भौ.नं. र मिति	योजनाको नाम	स्काभेटर,डोजर भाडामा दिने आपुर्तक	भाडा अवधी	कार्यालयको अनुदान	भुक्तानी रकम
४/०७५/७/१५	राजाखान वालुवा स.उ.	हरिसिद्धि कन्स्ट्रक्सन मुसिकोट	बकेट १५०.९० घण्टा,ब्रेकर ४६२ घण्टा	४५०००००.००	४८०३९९६.५५
	गा.पा.को अनुदान भन्दा वढी स्काभेटर भाडा भुक्तानी र डोर हाजिरी फाराम पेश नभएको				
४/०७६/३/३०	राजाखान वालुवा स.उ.	अनमोल निर्माण सेवा तारकेश्वर काठमाडौं	वकेट ३८२ घण्टा,ब्रेकर १३४ घण्टा,अप्रेटर भत्ता ५१७ घण्टा	६०२०००.००	३३७९९००.००
५/०७६/३/३०				३३६००००.००	
१०/०७५/८/२४	कोल त्रिवेणी स.उ.			५००००००.००	५१५७०२३.००
२/०७६/३/३०	कोल त्रिवेणी स.उ.			३७२४०००.००	४१७३५१८.००

दफा नं.	भौ.नं., मिति र व्यहोरा	रकम	फछ्र्यौटको विवरण

१३/०७५/९/४	ओख्मा त्रिवेणी स.उ.	अनमोल निर्माण सेवा तारकेश्वर काठमाडौं	बकेट २४६.३२ घण्टा	३९९५५००.००	४२०१०२९.००
	गा.पा.को व्याकुलोडर प्रयोग गरेकोमा सो मर्मत रु.१,११,५४०।०० समेत समावेश भएकोले निर्माण कार्यमा बिनियोजन भएको रकमबाट मर्मत गर्नु उचित भएन, अप्रेटर भत्ता रु.१,०३,३५८।०० को भरपाई पेश नभएको				
जम्मा					

६८.	**उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समितिवाट कार्य गराउने कार्यविधि उल्लेख छ । नियममा भएका देहायका व्यवस्था गाउँकार्यपालिको कार्यालयले पालना गरेको पाइएन, ● नियम ९७ (१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने, ● नियम ९७(६)बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने, ● नियम ९७(७)बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नु पर्ने, ● नियम ९७ (९) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरू प्रयोग गर्न नसकिने, ● नियम ९७(११)बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्ने र सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरणको अभिलेख राख्नु पर्ने, उपभोक्ता समितिद्वारा गरिने निर्माण कार्यलाई व्यवस्थित तथा पारदर्शी बनाउन नियमावलीमा भएका उल्लिखित प्रावधान लागु हुनु पर्दछ ।		
६९.	**खरिद व्यवस्थापन :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३ बमोजिम सार्वजनिक निकायले कुनै खरिद कारवाहीको तयारी गर्दा खरिद अवश्यकताको पहिचान, माग संकलन गर्ने, खरिद सम्वन्धी विभिन्न प्राविधिक कुरा समाधान गर्न र आपूर्तिकर्ताको उपलब्धता यकिन गर्न वजारमा प्रचलित खरिद संझौताको जानकारी लिने, अघिल्ला वर्षहरुमा समान प्रकृतिको मालसामान, निर्माण कार्य वा परामर्श सेवा वा अन्य सेवा खरिद गरिएको भए त्यस्तो खरिद प्रक्रियाको अध्ययन गर्ने, खरिदको विवरण तयार, परिमाण र क्षेत्र यकिन गर्ने, खरिदलाई वढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने, खरिद योजना तयार गर्ने, खरिदको लागत अनुमान तयार गर्ने , खरिदको आर्थिक स्रोत र रकम पहिचान गर्ने, खरिद विधि छनौट गर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छ :		
६९.१.	कार्यालयको दैनिक प्रशासन संचालनको लागि मसलन्द, छपाई, विविध प्रकारका सामाग्री खरिदको लागि चालु खर्च शिर्षकमा बजेट विनियोजन गरी चालु खर्च शिर्षक बाट रु.३१,८०,०२७ खर्च गरेको छ । नेपाल सरकारका प्रधानमन्त्री रोजगार कार्यक्रम, ग्रामिण पूर्वाधार विकास कार्यक्रम लगायतमा समेत प्रशासनिक प्रयोजनको लागि बजेट स्वीकृत भएको छ । त्यस्तै नेपाल सरकारको शशर्त बजेट तथा प्रदेश सरकारको टेली सेन्टर, मूख्यमन्त्री रोजगार कार्यक्रम, विभिन्न योजनाको कन्टेन्जेन्सीबाट समेत प्रशासनिक कार्यमा तथा पूँजिगत सामान खरिद गरेको छ । कार्यालयले प्रशानिक खर्चको एकिकृत विवरण नराखेको, जिन्सी खाता समेत पूर्ण नभएकोले सबै बजेट उपशिर्षक तथा कन्टेन्जेन्सीबाट के कति र कस्ता प्रकारका सामान खरिद गरियो भनी विश्लेषण गर्न सकिएन । त्यस्तै किसानकोलागि विभिन्न कार्यक्रमबाट विउ खरिद,भेडा,बोका लगायतका पशु वितरण लगायतका कार्यक्रममा बजेट विनियोजन भएको भए पनि खरिदको लागि माग संकलन, लागत अनुमान तयारी, सामानको प्रकृति अनुसार समुह विभाजन र प्रत्येक समुहको रकमको परिमाण अनुसार खरिद विधि छनौट गरी खरिद गरेको पाईएन । कार्यालयमा प्रयोग हुने कतिपय सामान कार्यालयबाट खरिद गरेको		

दफा नं.	भौ.नं., मिति र व्यहोरा	रकम	फछ्र्यौटको विवरण
	भए पनि विषयगत शाखाबाट खरिद गरी कर्मचारीले सोधभर्ना माग गरेको तथा कतिपय सामान पेश्कीबाट खरिद गरेको देखियो । त्यस्तै शिक्षा, कृषि, पशु, सामाजिक विकासको लागि छुट्याईएको अधिकांश बजेट सम्बन्धित शाखाका कर्मचारीले पेश्कीबाट खरिद गरेको पाइयो । नियमावली प्रक्रिया पुरा नगरी सामान प्रयोग गर्ने वा सेवाग्राहीलाई सामान वितरण गर्ने जिम्मा पाएको व्यक्तिले आफै कार्यक्रम तयार गर्ने आफै पेश्की लिने वा माल सामान पेश्कीबाट खरिद गरी सोध भर्ना लिदा आन्तरिक नियन्त्रणको अभावमा बजार मूल्य भन्दा बढीमा बस्तु वा सेवा प्राप्त हुन सक्ने भएकोले बस्तु वा सेवा खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको प्रावधान अनुसार माग संकलन गर्ने, सामानको प्रकृतिको आधारमा समुह विभाजन गरी रकमको परीमाण अनुसार सोझै, दरभाउपत्र, सिलबन्दी दरभाउपत्र, बोलपत्र लगायतका उपयुक्त खरिद विधि छनौट गर्ने, बिक्रेतालाई सोझै भुक्तानी गर्ने, लगायतका प्रक्रिया अवलम्बन गरी खरिद प्रणालीलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।		
७०.	**स्पेसिफिकेशन, योजना,नक्सा,डिजाइन :** सार्वजनिक खरिद ऐन,२०६४ को दफा ४(१) वमोजिम सार्वजनिक निकायले मालसामान,निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्वन्धी स्पेसिफिकेशन, योजना,नक्सा,डिजाइन,विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष रु ५०,००० देखि रु. ६५,००,००० सम्मका विभिन्न निर्माण कार्य उपभोक्ता समितिबाट गरेकोमा निर्माण कार्यको लागि नक्सा, डिजाइन, तयार भएको छैन । गाउँपालिकावाट स्वीकृत वजेटलाई नै लागत अनुमान मानी खर्च लेख्ने गरेको देखियो । कुनै नक्सा, डिजाइन वेगर निर्माण कार्य गर्दा योजनाको दिगोपना र गुणस्तरमा समेत असर पर्ने देखिन्छ । योजना छनौट तथा कार्यान्वयन गर्दा संभाव्यता अध्ययन स्पेसिफिकेशन नक्सा, डिजाइन लागत अनुमान तयारी लगायतका कार्य गरी वातावरणलाई कम क्षति पुग्ने किसिम बाट कार्य गर्नु पर्दछ ।		
७१.	**विना प्रतिस्पर्धा खरिदः** कार्यालयको दैनिक प्रशासन संचालनको लागि मसलन्द, छपाई, विविध प्रकारका सामाग्री खरिदको लागि चालु खर्च शिर्षकमा बजेट विनियोजन गरी चालु खर्च शिर्षक बाट रु.३१,८०,०२७ खर्च गरेको छ । नेपाल सरकारका प्रधानमन्त्री रोजगार कार्यक्रम, ग्रामिण पूवाधार विकास कार्यक्रम लगायतमा समेत प्रशासनिक प्रयोजनको लागि बजेट स्वीकृत भएको छ । त्यस्तै नेपाल सरकारको शशर्त बजेट तथा प्रदेश सरकारको टेली सेन्टर, मूख्यमन्त्री रोजगार कार्यक्रम लगातयतमा कार्यालय संचालन तथा मेनसनरी उपकरणमा बजेट विनियोजन भएको छ । त्यस्तै विभिन्न योजनाको कन्टेन्जेन्सीबाट समेत प्रशासनिक कार्यमा खर्च भएको छ । प्रशासनिक प्रयोजनको लागि चालु तथा पूँजिगत प्रकृतिका र लक्षित वर्गलाई वितरण गर्न सामान खरिद गर्दा बोलपत्र तथा सिलबन्दी दरभाउपत्र वेगर सोझै खरिद गरेको छ । खरिद गर्नु पर्ने रकमको परिमाण अनुसार उपयुक्त खरिद विधि छनौट गरी प्रतिष्पर्धाबाट खरिद गर्नु पर्दछ ।		
७१.१.	सार्वजनिक खरिद नियमावली २०६४ मा ५ लाख सम्मको मालसामान खरिद गदा ३ आपूर्तिकर्ताबाट दरभाउपत्र लिएर सबै भन्दा घटी रकम प्रस्ताव पेश गर्ने आपूर्तकबाट खरिद गर्नु पर्ने व्यवस्था छ । गाँउ पालिकाले दरभाउपत्रबाट खरिद गरेका सामानको भुक्तानी दिएको भौचर साथ ३ दरभाउपत्र संलग्न गरेको भएपनि दरभाउपत्रको दरभाउपत्र लिँदा पत्राचार नगरिउको, दरभाउपत्र दर्ता गर्ने नगरेको,तुलनात्मक तालिका बनाई स्वीकृत गराउने नगरेको, कतिपयमा विभिन्न दरभाउपत्र पेश गने विभिन्न प्रस्तावकका लेखाई मिल्दो जुल्दो देखिएको(उर्जा विकास कार्यक्रम) जस्ता कैफियत दखियो । दरभाउपत्रबाट मालसामान खरिद गर्दा मौजुदा सूचिमा रहेका आपूर्तिकर्तालाई लिखित पत्राचार गरी दरभाउ लिने, प्राप्त दरभाउपत्र दर्ता गर्ने, तुलनात्मक तालिका तयार गर्ने लगायतका कार्य गरी खरिद प्रणालीलाई व्यवस्थित गर्नु पर्दछ ।		
७२.	**मुल्य अभिवृद्धि कर भुक्तानीको जानकारी :** मूल्य अभिवृद्धि कर नियमावली,२०५३ को दफा ६क मा सरकारी निकाय,सार्वजनिक संघ संस्था वा दर्ता भएको व्यक्तिले आफूले गरेको ठेक्का संझौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दिई करको भुक्तानी सम्वन्धित ठेकदारलाई गर्नु पर्नेछ भन्ने व्यवस्था छ । यस कार्यालयमा विभिन्न योजना कार्यान्वयनको क्रममा उपभोक्ता समिति मार्फत मूल्य अभिवृद्धिकर भुक्तानी दिएको विल भरपाई पेश गरेकोमा सोको जानकारी उपभोक्ता मार्फत भुक्तानी गरेको मुल्य अभिवृद्धि करको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयले दिने गरेको पाइएन । उपभोक्ताले गरेको भुक्तानीको जानकारी दिने वा दिन लगाउने दायित्व समेत कार्यालयको भएकोले यस कार्यालयबाट उपभोक्ता मार्फत भएका मुल्य अभिवृद्धि कर भुक्तानीको जानकारी आन्तरिक राजश्व कार्यालयलाई दिनु पर्दछ ।		

दफा नं.	भौ.नं., मिति र व्यहोरा	रकम	फछ्र्यौटको विवरण

७३. **पदाधिकारी पारिश्रमिक :** प्रदेश नं.५ ले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ बाट सुविधाको रुपमा देहाय बमोजिम पारिश्रमिक पाउने व्यवस्था गरे बमोजिम यो बर्ष गाँउ पालिकाले देहाय बमोर्जिम रु.८९,७६,०००.०० खर्च लेखेको देखियो ।

सि.नं.	पदाधिकारीको किसिम	मासिक रकम	संख्या	महिना	जम्मा रकम
१	अध्यक्ष	३००००.००	१	१२	३६००००.००
२	उपाध्यक्ष	२७०००.००	१	१२	३२४०००.००
३	वडाध्यक्ष	२००००.००	१४	१२	३३६००००.००
४	कार्यपालिका सदस्य	१२०००.००	४	१२	५७६०००.००
५	बिषयगत समिति संयोजक	२००००.००	१	१२	२४००००.००
६	वडा सदस्य	७०००.००	४९	१२	४११६०००.००
	जम्मा	**११६०००.००**			**८९७६०००.००**

७४. **संचार सुविधा :** प्रदेश नं.५ ले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ बाट सुविधाको रुपमा पारिश्रमिक पाउने व्यवस्था गरको र उक्त ऐनमा संचार सुविधा दिने व्यवस्था नभएकोमा यो बर्ष गाँउपालिकाले देहाय बमोर्जिम रु.५,३४,००० खर्च लेखेको देखियो ।

सि.नं.	पदाधिकारीको किसिम	मासिक रकम	संख्या	महिना	जम्मा रकम
१	अध्यक्ष	२०००.००	१	१२	२४०००.००
२	उपाध्यक्ष	१५००.००	१	१२	१८०००.००
३	वडाध्यक्ष	१०००.००	१४	१२	१६८०००.००
४	अन्य	५००.००	५४	१२	३२४०००.००
	जम्मा				**५३४०००.००**

यस सम्बन्धमा गाँउपालिका कार्यालय तथा वडा कार्यालयहरुमा टेलिफोन सुविधा नभएकोले कार्यालय संचालन र समन्वय प्रयोजनको लागि सभाबाट मापदण्ड स्विकृत गराई अधिकत मासिक रकम तोकिएको र कार्यालयबाट थप संचार खर्च भुक्तानी नभएको कार्यालयले जनाएको छ । कार्यालयको कामको सिलसिलमा हुने संचार खर्च सुविधाको रुपमा तोकी नगद भुक्तानी दिन नमिल्ने भएकोले विलभपाईको आधारमा भुक्तानी दिने व्यवस्था हुनु पर्दछ ।

७५. **पोशाक भत्ता :** आर्थिक बर्ष २०७४।०७५ को बजेट बक्तव्यमा हिमाली जिल्लाको लागि बार्षिक रु.२०,०००.०० र अन्य जिल्लाको लागि बार्षिक रु.१०,०००.०० को दरले पोशाक भत्ता दिने उल्लेख छ । रुकुम (पूर्व) जिल्ला साविकको रुकुमबाट छुट्टिएको र साविकको रुकुम हिमाली जिल्लामा नपर्ने भएकोले यस जिल्लाका सरकारी कार्यालयमा कार्यरत कर्मचारीलाई रु.१०,०००.०० पोशाक भत्ता भुक्तानी गनु पर्नेमा देहाय बमोजिम रु.२०,०००.०० का दरले भुक्तानी गरेको देखियो ।

सि.नं.	कर्मचारीको नाम	भुक्तानी हुनु पर्ने	भुक्तानी भएको	बढी भुक्तनी
	कार्यालय तर्फ			
१	प्र.प्र.अ.रविन्द्र बुढा क्षेत्री	१००००.००	२००००.००	१००००.००
२	लेखापाल शिवराम खड्का	१००००.००	२००००.००	१००००.००
३	खारिदार उदीराम रोका	१००००.००	२००००.००	१००००.००
४	ना.प्र.से.प्रा.भिमब. झाक्री	१००००.००	२००००.००	१००००.००
५	का.स.रुजु बहादुर घर्ती	१००००.००	२००००.००	१००००.००
६	डा. सुनिल पुन	१००००.००	२००००.००	१००००.००
७	डा.-तपेन्द्र कोइराला	१००००.००	२००००.००	१००००.००
८	ज.स्वा.नि.-बरीष्ट नारायण यादव	१००००.००	२००००.००	१००००.००
९	ल्याव पाँचौ-प्रजित के.सि.	१००००.००	२००००.००	१००००.००
१०	अनमी-सुनरोजी बुढा	१००००.००	२००००.००	१००००.००
११	अनमी-रस्मीता के.सी	१००००.००	२००००.००	१००००.००
१२	अ.हे.ब.रमिला बोहोरा	१००००.००	२००००.००	१००००.००
१३	का.स.-सत बहादुर बुढा	१००००.००	२००००.००	१००००.००
१४	ज.स्वा.नी.-राम प्रसाद महतो	१००००.००	२००००.००	१००००.००
१५	अ.हे.व.-ओम प्रसाद चौधरी	१००००.००	२००००.००	१००००.००
१६	अनमी पाँचौ-भागी मल्ल	१००००.००	२००००.००	१००००.००

दफा नं.	भौ.नं., मिति र व्यहोरा	रकम	फछ्र्यौटको विवरण

१७	अनमी पाँचौ-बिधी भण्डारी	१००००.००	२००००.००	१००००.००
१८	हे.अ.-समिर गिरी	१००००.००	२००००.००	१००००.००
१९	अनमी चौथो-भावना घर्तीमगर	१००००.००	२००००.००	१००००.००
२०	अनमी चौथो-पाना पुन	१००००.००	२००००.००	१००००.००
२१	अ.हे.ब.सन्तोष कापर	१००००.००	२००००.००	१००००.००
२२	हे.अ.-जानकी पुन	१००००.००	२००००.००	१००००.००
२३	अहेब उमेश पण्डित	१००००.००	२००००.००	१००००.००
२४	अनमी-गोमा नेपाली	१००००.००	२००००.००	१००००.००
२५	हे.अ.नर वहादुर वली	१००००.००	२००००.००	१००००.००
२६	अनमी चौथो-राम प्यारी बुढा	१००००.००	२००००.००	१००००.००
२७	अहेव चौथो-रीता कुवर	१००००.००	२००००.००	१००००.००
२८	का.स.-पाँचौ-चैत बुढा	१००००.००	२००००.००	१००००.००
२९	हे.अ.-नरेन्द्र विष्ट	१००००.००	२००००.००	१००००.००
३०	अहेव पाँचौ-सरोजकुसीयत यादव	१००००.००	२००००.००	१००००.००
३१	अनमी पाँचौ-अमरपुरा पुन	१००००.००	२००००.००	१००००.००
३२	अनमी-कविता कुमारी राय	१००००.००	२००००.००	१००००.००
	जम्मा	**३२००००.००**	**६४००००.०**	**३२००००.०**

यस सम्बन्धमा यो जिल्ला स्थापना भए पछि स्थानीय सरकार संचालन ऐन२०७४, मा यस जिल्लालाई हिमाली जिल्लामा वर्गिकरण गरेको र यस जिल्लाका सबै गाँउपालिकालाई “क” वर्गमा वर्गिकरण गरेको र आर्थिक बर्ष २०७४।०७५ को बजेट बक्तव्यमा हिमाली जिल्लामा रु.२०,००० पोशाक
भत्ता पाउने भन्ने उल्लेख भएको आधारमा पोशाक खर्च भुक्तानी गरेको कार्यालयको भनाई रहेको छ । स्थानीय शासन संचालन ऐनमा यस जिल्लालाई “क” वर्गमा वर्गिकरण गरेको भए पनि उक्त वर्गिकरण पोशाक भत्ता भुक्तानीको प्रयोजनको लागि भएको हो भन्ने आधार पेश भएन । पोशाक भत्ता भुक्तानीको लागि जिल्लाको स्तर निर्धारण गरी बढी भुक्तानी भएको रकम असूल हुनु पर्दछ । — **३२००००.०**

७६. **स्थानीय भत्ता :** नेपाल सरकारले मिति २०७१।४।१ देखि लागु हुने गरी स्थानीय भत्ताको दरमा परीमार्जन गरी थानीय भत्ता भुक्तानीको लागि जिल्लाहरुलाई वर्गिकरण गरी जिल्लाको वर्गिकरण अनुसार स्थानीय भत्ताको दर तोकेको छ । रुकुम (पूर्व) जिल्ला साविकको रुकुमबाट छुट्टिएको र साविकको रुकुम जिल्लाका केही गाँउ विकास समितलाई “ख” र केही लाई “ग” वर्गमा वर्गिकरण गरे अनुसार सोही वर्गको लागि तोकिएको दरमा भत्ता स्थानीय भत्ता भुक्तानी गनु पर्नेमा देहाय बमोजिम “क” वर्गको लागि तोकिएको दरमा भुक्तानी गरेको देखियो ।

कर्मचारीको नाम	भुक्तानी भएको दर	भुक्तानी हुनु पर्ने दर	फरक	अवधि	रकम
प्र.प्र.अ.रविन्द्र बुढा क्षेत्री	१४७६०.०	८८००.००	५९६०.०	१२ महिना	७१५२०.००
लेखापाल शिवराम खड्का	९६५०.००	५५१०.००	४१४०.०	१२ महिना	४९६८०.००
खारिदार उदीराम रोका	८०८०.००	४६००.००	३४८०.०	१२ महिना	४१७६०.००
प्रा.स.अमर सिंह कठायत	९६५०.००	५५१०.००	४१४०.०	३ महिना	१२४२०.००
ना.प्र.से.प्रा.भिमब. भ्काक्री	८०८०.००	४६००.००	३४८०.०	९ महिना	३१३२०.००
का.स.रुजु बहादुर घर्ती	५९१०.००	३३५०.००	२५६०.००	१२ महिना	३०७२०.००
डा. सुनिल पुन	१४७६०.००	८८००.००	५९६०.०	६ महिना	३५७६०.००
डा.-तपेन्द्र कोइराला	१४७६०.००	८८००.००	५९६०.०	११ महिना	६५५६०.००
ज.स्वा.नि.-बरीष्ट नारायण यादव	१४७६०.००	८८००.००	५९६०.०	११ महिना	६५५६०.००
स्टाप नर्स-सपना किरण	९६५०.००	५५१०.००	४१४०.०	४ महिना	१६५६०.००
ल्याव पाँचौ-प्रजित के.सि.	९६५०.००	५५१०.००	४१४०.०	११ महिना	४५५४०.००
अनमी-सुनरोजी बुढा	८०८०.००	४६००.००	३४८०.०	११ महिना	३८२८०.००

दफा नं.	भौ.नं., मिति र व्यहोरा	रकम	फछ्र्यौटको विवरण

अनमी-रस्मीता के.सी	८०८०.००	४६००.००	३४८०.०	११ महिना	३८२८०.००
अ.हे.ब.रमिला बोहोरा	८०८०.००	४६००.००	३४८०.०	७ महिना	२४३६०.००
का.स.-सत बहादुर बुढा	५९१०.००	३३५०.००	२५६०.००	११ महिना	२८१६०.००
ज.स्वा.नी.-राम प्रसाद महतो	१४७६०.००	८८००.००	५९६०.०	११ महिना	६५५६०.००
अ.हे.व.-ओम प्रसाद चौधरी	९६५०.००	५५१०.००	४१४०.०	११ महिना	४५५४०.००
अनमी पाँचौ-भागी मल्ल	९६५०.००	५५१०.००	४१४०.०	११ महिना	४५५४०.००
अनमी पाँचौ-बिधी भण्डारी	८०८०.००	४६००.००	३४८०.०	११ महिना	३८२८०.००
हे.अ.-समिर गिरी	९६५०.००	७७१०.००	४१४०.०	११ महिना	४५५४०.००
अनमी चौथो-भावना घर्तीमगर	८०८०.००	६४६०.००	१६२०.००	११ महिना	१७८२०.००
अनमी चौथो-पाना पुन	८०८०.००	६४६०.००	१६२०.००	११ महिना	१७८२०.००
अ.हे.ब.सन्तोष कापर	८०८०.००	६४६०.००	१६२०.००	७ महिना	११३४०.००
हे.अ.-जानकी पुन	९६५०.००	७७१०.००	४१४०.०	११ महिना	४५५४०.००
अहेव उमेश पण्डित	८०८०.००	६४६०.००	१६२०.००	११ महिना	१७८२०.००
अनमी-गोमा नेपाली	८०८०.००	६४६०.००	१६२०.००	११ महिना	१७८२०.००
हे.अ.नर वहादुर वली	९६५०.००	५५१०.००	४१४०.०	११ महिना	४५५४०.००
अनमी चौथो-राम प्यारी बुढा	८०८०.००	४६००.००	३४८०.०	११ महिना	३८२८०.००
अनमी-अञ्जु कुमारी खड्का	८०८०.००	४६००.००	३४८०.०	४ महिना	१३९२०.००
अहेव चौथो-रीता कुवर	८०८०.००	४६००.००	३४८०.०	११ महिना	३८२८०.००
का.स.-पाँचौ-चैत बुढा	५९१०.००	३३५०.००	२५६०.००	११ महिना	२८१६०.००
हे.अ.-नरेन्द्र विष्ट	९६५०.००	५५१०.००	४१४०.०	११ महिना	४५५४०.००
अहेव पाँचौ-सरोजकुसीयत यादव	९६५०.००	५५१०.००	४१४०.०	११ महिना	४५५४०.००
अनमी पाँचौ-अमरपुरा पुन	९६५०.००	५५१०.००	४१४०.०	११ महिना	४५५४०.००
अनमी-कविता कुमारी राई	८०८०.००	४६००.००	३४८०.०	११ महिना	३८२८०.००
अ.स.ई दिपक बुडाथोकी	८०८०.००	४६००.००	३४८०.०	१२ महिना	४१७६०.००
जम्मा					१३४४९४०.०

यस सम्बन्धमा यो जिल्ला स्थापना भए पछि स्थानीय सरकार संचालन ऐन, २०७४ मा यस जिल्लालाई हिमाली जिल्लामा वर्गिकरण गरेको र यस जिल्लाका सबै गाँउपालिकालाई “क” वर्गमा वर्गिकरण गरेको आधारमा स्थानीय भत्ता भुक्तानी गरेको कार्यालयको भनाई रहेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा यस जिल्लालाई “क” वर्गमा वर्गिकरण गरेको भए पनि स्थानीय भत्ता भुक्तानीको प्रयोजनको लागि उक्त वर्गिकरण लागु हुने नहुने स्पष्ट नभएकोले स्थानीय भत्ता भुक्तानीको लागि जिल्लाको स्तर निर्धारण गरी बढी भुक्तानी भएको रकम असूल हुनु पर्ने रु... १३,४४,९४०.००

७७. **मूल्य अभिबृद्धि कर दाखिला नभएको :** आर्थिक बर्ष २०७६।०७७ को बजेट वक्तव्य कार्यान्वयनको लागि महालेखा नियन्त्रक कार्यालयको मिति २०७५।३।१० को पत्रानुसार कार्यालयले पार्टिलाई वस्तु वा सेवा खरिद तथा निर्माण कार्यको रकम भुक्तानी गर्दा भुक्तानी गरेको मूल्य अभिबृद्धि कर रकमको ५० प्रतिशतले हुने रकम भुक्तानी प्राप्त गर्नेको रकमबाट कट्टी गरी संचित कोष खातामा दाखिला गर्नु पर्ने उल्लेख भएकोमा कार्यालयबाट देहाय बमोजिमका बजेट उपशिर्षकबाट देहाय बमोजिम मूल्य अभिबृद्धि कर समेत भुक्तानी गरेकोमा विलबाट कट्टा गरी राजस्व दाखिला नगरेकोले असूल हुनु पर्ने रु................ १४,५५,४१५.००

बजेट उपशिर्षक	**भौचर नं.रमिति**	**भुक्तानी प्राप्त गर्नेको नाम**	**मूल्य अभिबृद्धि कर रकम**	**५० प्रचिशतले हुने रकम**
झोलुङ्गे पुल	२-२०७६/३/२	सेवा प्रतिष्ठान नेपाल	१२८१४१.००	६४०७०.५
,,	१२-२०७६/३/२५	जुनकिरी इन्डष्ट्रिज प्रा.लि.	१६१५७७.००	८०७८८.५
,,	१२-२०७६/३/२५	जुनकिरी इन्डष्ट्रिज प्र.लि.	६९३०८.३८	३४६५४.००
उर्जा विकास	६-२०७६/३/३०	ओम राधा ट्रेडर्स	२२६८०.००	११३४०.००

दफा नं.	भौ.नं., मिति र व्यहोरा	रकम	फछ्र्यौटको विवरण

,,	६-२०७६/३/३०	ओम राधा ट्रेडर्स	२९९३९.००	१९९६९.००
प्रदेश शर्शत	१-२०७६/३/२४	यु.ए.विल्र्डस प्रा.लि	३९५५३४.००	१९७७६२.००
स्थानीय प्रर्वाधार	१०-२०७६३/२०	यु.ए.विल्र्डस प्रा.लि	३२९५५०.००	१६४७७५.००
,,	८-२०७६/३/१७	खाम विल्र्डस एण्ड सप्लयर्स	७०८७५१.००	३५४३७५.००
ग्रामिण पूर्वाधार	१२-२०७६/१२/१७	जम्सन निर्माण सेवा	३२२१७६.००	१६१०८८.००
समानिकरण पूँजिगत	५-०७६/३/३०	अनमोल निर्माण सेवा	४२१९३७.००	२१०९८३.००
,,	१८१-०७६/३/११	रिन्यूवेवल इनर्जी, तुल्सीपुर	३११२२०.००	१५५६१०.००
		जम्मा		**१४५५४१५**

७८. **पेश्की वाँकी :** आर्थिक बर्षको अन्त सम्म फछ्र्यौट नभई बाँकी रहेका निम्न पेश्की नियमानुसार फछ्र्यौट हुनु पर्ने रु. ४९०४८००

सि.नं.	पेश्की लिनेको नाम	रकम	प्रयोजन
१	का.स.श्री अभिमान नेपाली	१६०००.००	सामाजिक सुरक्षा भत्ता वितरण वडा नं. १ गरी बाकी रहेको नगद दाखिला हुनु पर्ने
२	श्री जयमान पुन	४०९६००.०	,, वडा नं. २
३	श्री सुभाष घर्ती	२७२००.००	सामाजिक सुरक्षा भत्ता वितरण वडा नं. १ गरी बाकी रहेको नगद दाखिला हुनु पर्ने
४	श्री तेलन घर्ती	३४३६००.००	,, वडा नं. ७
५	श्री हिमालय सेन	२८००.००	सामाजिक सुरक्षा भत्ता वितरण वडा नं. १ गरी बाकी रहेको नगद दाखिला हुनु पर्ने
५	श्री सुशिला बुढा	२४४००.००	सामाजिक सुरक्षा भत्ता वितरण वडा नं. १ गरी बाकी रहेको नगद दाखिला हुनु पर्ने
६	श्री राजेन्द्र बुढा	९६६४००.०	,, वडा नं. ११
७	श्री बहादुर सुनार	४८००.००	,, वडा नं. १२
८	पर्यटन पदमार्ग नि. उ.भो.स.	७५००००.०	योजना निर्माण
९	श्री जिताराम कामी	१९०००००.	विरुवा खरिद
१०	श्री सुभाष घर्ती	५००००.००	वडा प्रशासिनक खर्च
११	श्री तेलन घर्ती	५००००.००	वडा प्रशासिनक खर्च
१२	श्री बिरबल रोका	५००००.००	वडा प्रशासिनक खर्च
१३	श्री शक्ति तुलाचन	५००००.००	वडा प्रशासिनक खर्च
१४	श्री रथ पुन	५००००.००	वडा प्रशासनिक खर्च
१५	श्री नविन कुमार रोका	१६००००.०	डोजर मर्मत
१६	श्री सन्तोष वली	५००००.००	कार्यकम खर्च
	जम्मा	**४९०४८००**	

७९. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

गत वर्षको बेरुजु रकम (रु.)	यो वर्ष फछ्र्यौट	बाँकी
१२२३७६०८२.९०	०	१२२३७६०८२.९०

८०. **अद्यावधिक बेरुजु स्थिति :** गत विगतको बेरुजु अद्यावधिक नभएको गाउँ पालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.)	यो वर्षको सं प.बाट कायम बेरुजु रु.	यो वर्षको कायम बेरुजु रु.	बाँकी
१२२३७६०८२.९०	०	३४९३६६७२	१५७३१२७५४.९

उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असुल फछ्र्यौट गरिनु पर्दछ।

पुथा उत्तरगंगा गाँउपालिका, रुकुम (पूर्व)

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनुसूची- १

२०७५।७६

(रु.हजारमा)

सि. नं.	स्थानीय तहको नाम	जिल्ला	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लग ती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	पुथा उत्तरगंगा गाँउपालिका	रुकुम पूर्व	५६	३१	३४९३७	०	०	०	५६	३१	३४९३७	३८६७	३००४	२३१६१	०	०	२६१६५	४१५५	७५०	४९०५

अनुसूची २

स्थानीयतह सञ्चित कोष विवरण
२०७५।७६

(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१±५—९)
१	पुथा उत्तरगंगा गाँउपालिका	रुकुम पूर्व	१९७१०	१११८०२	२१६२४०	७२८७७	४००९१९	४६३५०	१४१०९०	२०६३७२	३९३८१२	२६८१७

अनुसूची ३

अद्यावधिक वेरुजू स्थिति
२०७५।७६

(रु हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	गत बर्ष सम्मको बाकी	यो वर्षको फछ्र्योट	बांकी	यो वर्ष सं.प.वाट कायम भएको वेरुजू	यो वर्षको वेरुजू	कुल बाकी वेरुजू
१	पुथा उत्तरगंगा गाँउपालिका	रुकुम पूर्व	१२२३७६	०	१२२३७६	०	३४९३७	१५७३१३